# अध्याय एक : शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

सामान्यतया महिनामा एकपटक किशोरी तथा महिलाको योनीबाट रगत बग्नुलाई महिनावारी भनिन्छ । यसलाई ठाउँअनुसार छाउ हुनु, पर सर्नु, नछुने हुनु, छुई हुनु, रजस्वला, मासिक धर्म आदि पनि भनिन्छ । महिनावारी एक जैविक एवं प्राकृतिक प्रक्रिया हो । महिनावारी प्रक्रिया साधारणतया ११ वर्षदेखि ५० वर्षको उमेर समूहका किशोरी तथा महिलाहरूमा हुन्छ । महिनावारी एक मासिक चक्र हो, जुन सामान्यतया २८ देखि ३० दिनको हुन्छ । तर कसै-कसैमा कहिलेकाहीँ २१ देखि ३५ दिनको अन्तरमा पनि हुने गर्दछ ।

खस भाषाको छाउपडीलाई नेपाली भाषामा महिनावारी र शास्त्रीय भाषामा रजस्वला भनिन्छ । महिनावारी प्रक्रियालाई स्थानीय अछामी भाषामा छाउपडी भन्ने गरिन्छ । ‘छाउ’ को अर्थ छुन नहुने ‘पडी’ को अर्थ भई अर्थात् छुन नहुने भई भन्ने हो । महिनावारी वा सुत्केरी भएको अवस्थामा मुख्यतया लोग्ने मानिसले त्यस्तो स्त्रीलाई छुन हुँदैन भन्ने मान्यता छ (कुँवर, २०७५) ।

नेपालमा ८० प्रतिशत हिन्दू, करिव १० प्रतिशत बौद्ध, बाँकी इस्लाम, किराँत, जैन, क्रिश्चियन, सिख आदि धर्म मान्ने समुदाय रहेका छन् । नेपालीहरूको जीवनशैलीलाई धर्म र संस्कृतिले अत्याधिक प्रभाव पारेको छ । कतिपय प्रथा र परम्परामा समेत धर्मको प्रत्यक्ष प्रभाव देख्न सकिन्छ । सामान्यतया महिला वा किशोरी महिनावारी हुँदा नेपालको अधिकांश भू–भागमा अशुद्ध भनी नछुने वा बार्ने प्रचलन रहेको छ । विशेषगरी नेपालको कर्णाली र सुदूरपश्चिम प्रदेशमा छाउपडी प्रथा एक यस्तो प्रथाको रूपमा रहेको छ, जसले महिनावारीलाई अशुद्ध मानी घरभन्दा टाढा छाउगोठमा अथवा घरकै अलग कुनामा राखिने परम्परा रहेको छ । यसलाई हिन्दू धर्मको प्रत्यक्ष प्रभाव र पितृसत्तात्मक सोचको उपजको रूपमा मान्न सकिन्छ । यो प्रथा विशेषगरी धर्मको आडमा सामाजिक कुरीतिको रूपमा नेपालको कर्णाली र सुदूर-पश्चिम क्षेत्रमा व्याप्त रहेको शताब्दीऔं पुरानो प्रथा हो । यस प्रथालाई डडेलधुरा, बैतडी र दार्चुलामा छुई, छाउ वा बाहिर सर्नु भनिन्छ भने अछाममा छाउपडी र बझाङमा छाउखुल्ला वा छाउकुडी भन्ने प्रचलन छ (एनएचआरसी, २०७५) ।

महिलाको शारीरिक विकासको क्रममा परिवर्तन हुने जैविक (हर्मोन) हरूको कारणले महिनावारी हुने गर्दछ । यसले सन्तान उत्पादन क्षमतालाई सशक्त बनाइ राख्दछ भन्ने वैज्ञानिक आधार छ । तथापि महिनावारी भएको बेला महिलाहरू घरदेखि पर अलग्गै छाउगोठमा बस्नुपर्ने चलन नेपालको कर्णाली र सुदूरपश्चिमी भू-भागहरूमा प्रचलनमा रहेको छ । पहिलोपटक महिनावारी भएको बखत कम्तीमा १४ दिन र नियमित महिनावारी भएको समयमा ५ दिनदेखि ७ दिनसम्म छाउ गोठमा राख्ने गरिन्छ । त्यसैगरी सुत्केरी भएको बेला बालकको न्वारन नहुन्जेलसम्म साधारणतयाः (७ दिनदेखि ११ दिनसम्म) अलग बसेर बार्नुपर्ने चलन छ । छाउ हुँदा सूर्य समेत हेर्न नहुने भनी महिलाहरूलाई अँध्यारो कोठामा राख्ने गरिन्छ । महिनावारी भएको समयमा महिलालाई अस्पर्श्य (अछुत), फोहोरी तथा अपवित्रको रूपमा व्यवहार गर्ने गरिन्छ । यस प्रथालाई हिन्दू धर्ममा पाप र पुण्यसँग जोडेर हेरिन्छ । समाजले महिनावारी (छाउपडी) हुँदा महिलाहरूमाथि अशुद्ध र अपवित्रको संज्ञा दिदै विभेदजन्य व्यवहार र बन्देज लगाएको हुँदा यो महिलामाथि हुने एक प्रकारको हिंसा र उत्पीडन हो । यस प्रथाले महिलालाई अपवित्र हुने र दोस्रो दर्जाको नागरिक भएको इङ्गित गर्दछ । महिनावारी भएका महिलालाई विभिन्न कुरामा बन्देज लगाइन्छ । जस्तैः घरमा बस्न नदिने, दूध-दही र मही खान नदिने तथा पौष्टिक आहार खानमा समेत वञ्चित गरिन्छ । त्यस्तैगरी धारा, कुवा तथा पँधेराको पानी सोझै प्रयोग गर्नमा पनि वञ्चित गरिन्छ । कतिपय समाजमा महिनावारी भएको समयमा महिला तथा किशोरीलाई मन्दिर र स्कूलको बाटोबाट हिँड्न समेत निषेध गरिएको हुन्छ ।

महिनावारी संसारभरि निश्चित उमेर समूहका सबै महिलाहरूमा हुने शारीरिक तथा जैविक प्रक्रिया हो । तर यसप्रति बनाइने दृष्टिकोण, मूल्य, मान्यता, बुझाइ र गरिने व्यवहार विभिन्न देश, समाज र संस्कृतिअनुसार फरक-फरक पाइन्छ । महिनावारी हुँदा महिलाको यौनाङ्गबाट करिब ४ दिनसम्म रक्तस्राव हुन्छ । महिनावारी किशोरावस्था (करिब ११-१५ वर्ष) बाट सुरु भई करिब ४२ वर्षसम्ममा रोकिन्छ । यसरी रक्तस्राव हुनुलाई रजस्वला हुनु, मासिक धर्ममा हुनु, महिनावारी हुनु भनिन्छ (एनएचआरसी, २०७५) ।

कतिपय किशोरी तथा महिलाहरूमा छाउपडी प्रथा पालना नगरेमा भगवान् रिसाउनुहुन्छ भन्ने धारणा रहेका कारण पनि यो प्रथा मान्न बाध्य छन् । सामाजिक-सांस्कृतिक मूल्य-मान्यता, अन्धविश्वास र परम्परागत प्रचलन छाउपडी प्रथाका प्रमुख कारक हुन् । नेपालको

सर्वोच्च अदालतले छाउपडी प्रथालाई कुरूप सामाजिक चलन भएको घोषणा गरेको छ । यसलाई हाम्रो समाजबाट हटाउनुपर्छ भनेको छ । तर यो प्रथा समाजमा अहिले सम्म कायम छ । छाउपडी प्रथा अन्त्यका लागि विभिन्न प्रयासहरू भइरहे पनि अहिलेको आधुनिक युगमा पनि अछाममा छाउपडी प्रचलन घट्न सकेको छैन । छाउपडी प्रथा अन्त्यका लागि अछाम जिल्लामा विभिन्न प्रयासहरू क्रमशः भइरहेका छन् । जिल्लाका कतिपय ठाउँमा किशोरी तथा महिलाहरूले 'छाउपडी गोठ' झुपडीको वैकल्पिक आश्रय प्रयोग गर्न थालेका छन् । कोही महिला घरको एउटै कोठामा बस्छन् भने कतिपय महिला घरबाहिर बस्छन् । हाल अछाममा केही हदसम्म छाउपडी प्रथामा कमी आए पनि मूलतः प्रचलनमै रहेको छ । यस अध्ययनमा अछाम जिल्लाको मङ्गलसैन नगरपालिका वडा नं. ३ लाच्छिमना टोलबाट छाउपडी प्रथाको वर्तमान अवस्थालाई प्रस्तुत तथा विश्लेषण गरिएको छ ।

## १.२ समस्याकथन

महिनावारी (छाउपडी) प्रथा धार्मिक तथा साँस्कृतिक मान्यताका रूपमा विद्यमान रहेको छ । महिनावारी भएका महिला अशुद्ध हुने मान्यता समाजमा रही आएकोले प्रायः हिन्दू धर्म मान्ने ब्राह्मण, क्षेत्री र दलित समुदायका महिलाहरूमा यो बढी प्रचलनमा छ । महिनावारी हुँदा धार्मिक तथा सामाजिक सँस्कारमा सहभागी हुन नपाउने, छट्टै बस्नुपर्ने प्रचलन रहेको छ । छाउ बार्न बाध्य पारिएका किशोरी तथा महिलाहरूलाई विभिन्न प्रकारका शारीरिक र मानसिक हिंसा हुने गरेको र वातावरणीय जोखिम मोल्न बाध्य भएको देखिन्छ, जस्तैः जङ्गली जनावरहरूको आक्रमण, सर्पको डसाइका कारणबाट अकालमा ज्यान गुमाउने गरेको साथै यौनजन्य हिंसाको शिकार समेत हुनुपरेको छ । यसका साथै महिनावारी र सुत्केरी भएको समयमा छुट्टै छाउगोठमा राखिने हुँदा नवजात शिशु र आमाको स्वास्थ्यमा समेत नकारात्मक असर परी शिशु र आमाको मृत्युदर पनि बढिरहेको छ ।

महिनावारी भएको समयमा महिला तथा किशोरीहरूलाई घरभित्र जान नदिने, पुरुषहरूलाई छुन नहुने, अरुलाई छुन नहुने, गाईबस्तुलाई छुन नहुने, दूध, दही, मही र फलफूलजस्ता पौष्टिक आहार खान नहुने, पानीको धारा प्रयोग गर्न नहुने जस्ता विभेदजन्य व्यवहारहरूले महिलाको मनोसामाजिक, मानसिक तथा शारीरिक अवस्थामा प्रतिकूल प्रभाव पर्नुका साथै छाउ बार्ने किशोरीहरू विद्यालय जानबाट समेत वञ्चित हुन्छन् । छाउपडीसम्बन्धी अझै पनि जनचेतनाको अभावको कारण ठूलो सङ्ख्याका महिलाहरूले जोखिमयुक्त र दुःखपूर्ण

जीवनयापन गर्न नै बाध्य छन् । अशिक्षा, गरिबी, स्वास्थ्योपचारको सुविधाको अभावजस्ता कारणहरूबाट यस क्षेत्रका महिलाहरूमा महिनावारीपछिका असरहरूको उचित व्यवस्थापन हुन नसक्दा धेरै महिला पीडित भएको पाइन्छ । यसबाट महिलाहरूको आफ्नो व्यक्तिगत स्वास्थ्यका साथै परिवारमा समेत नकारात्मक असरहरू परेको देखिन्छ । वर्तमान अवस्थामा पनि यस क्षेत्रका किशोरी तथा महिलाहरू महिनावारी भएका बेला गरिने व्यवहारले किशोरीहरूको सामाजिक र शैक्षिक अवस्थामा असर पारिरहेको छ । सामाजिक कुरीतिहरूभित्र पर्ने यो छाउपडी प्रथाले किशोरीहरूको वृद्धि र विकासमा प्रत्यक्ष रूपमा बाधा पुऱ्याइरहेको अवस्था छ (एनएचआरसी, २०७५) ।

महिनावारी (छाउपडी) भएको समयमा महिला तथा किशोरी बस्न बनाइएका ५ सय ६४ छाउगोठ भत्काएर महिनावारीका बेला सबै महिला र किशोरीहरू सुरक्षित रूपमै घरमा बस्न थालेको भन्दै फागुन २५ गते एक कार्यक्रम गरी अछाम जिल्लाको सदरमुकामस्थित मङ्गलसैन नगरपालिकालाई छाउगोठ मुक्त नगर घोषणा गरियो । नगर प्रमुख पदम बहादुर बोहराका अनुसार नगर क्षेत्रका विभिन्न वडामा रहेका १ सय १५ छाउगोठ घर धनीले नै भत्काएका र ४ सय ४९ छाउगोठ प्रहरी, जनप्रतिनिधि र स्थानीय अगुवाको सयुक्त पहलमा भत्काईयो । नगरमा रहेका १४ वडा मध्येमा सबैभन्दा बढी वडा नम्बर १ कुन्ती र १३ वस्तीमा ७७/७७ छाउगोठ र सबैभन्दा कम वाडा नम्बर ६ जनालीबण्डालीमा १२ ओटा छाउगोठ भत्काइएको थियो । गृह मन्त्रालयले पुस ९ गते प्रमुख जिल्ला अधिकारीलाई पठाएको पत्रसँगै छाउगोठ भत्काउने अभियान शुरू भएको थियो (ईन्सेक, २०७६) ।

प्रहरी प्रशासन तथा स्थानीय सरकार तथा विभिन्न संघ-संस्था तथा सरोकारवालाहरूको सहयोगमा भौतिक रूपमा अछाम जिल्लाका विभिन्न पालिकामा छाउपडी गोठ भत्काउने काम भयो । पालिकाहरूलाई छाउपडी गोठमुक्त समेत घोषणा गरियो । यति हुँदा पनि महिला तथा किशोरीहरूको मन-मष्तिस्कबाट छाउप्रतिको धारणामा परिवर्तन आउन सकेको छैन । मानसिक रूपमा उनीहरू छाउपडीप्रतिका दृष्टिकोण परिवर्तन गर्न सकिरहेका छैनन् । पाका महिलाहरूमा छाउपडी हुनु गलत नै हो, यो धर्म-संस्कृतिसँग जोडिएकाले यसलाई बार्नु नै पर्छ भन्ने मान्यतामा छन् । किशोरीहरू समेत घरपरिवारको डर तथा असहज परिस्थितिले समेत छाउपडी प्रथा मान्न बाध्य छन् । कतिपय गरिबी अवस्थाका कारण, साँघुरो घरका कारण समेत छाउपडी गोठमा बस्न महिला तथा किशोरीहरू बाध्य छन् ।

छाउपडी प्रथाको चौतर्फी विरोध भएपछि स्थानीय सरकार, प्रशासन र प्रहरीको पहलमा अछाम जिल्लामा छाउगोठहरू भत्काउने कार्य भए पनि यसको पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन । महिनावारी भएको बेला घरदेखि टाढा निर्माण गरिएका छाउगोठ नै प्रयोग गरिँदै आएको छ ।

चार वर्षअघि अछाम साँफेबगर नगरपालिका-३ सिद्धेश्वरकी २० वर्षीया पावर्ती बुढा रावतको छाउगोठमा निस्सासिएर मृत्यु भएपछि गृह मन्त्रालयकै निर्देशनमा अछाममा १० हजारभन्दा बढी छाउगोठ भत्काइएका थिए । तत्कालीन समयमा गृह मन्त्रालयले छाउपडी कुप्रथा अन्त्य गर्न भन्दै सुदूरपश्चिम र कर्णाली प्रदेशका १९ जिल्लालाई परिपत्र गरेको थियो। गृहको परिपत्रमा निर्देशन थियो- 'छाउगोठ भत्काउनू, जनचेतना जगाउनू र अटेर गर्नेलाई कानुनी कारबाही गराउनू ।' सोही निर्देशनपछि पार्वतीका जेठाजु छत्र रावत पक्राउ परेका थिए भने अन्य कानुनी प्रक्रिया अगाडि बढेको थियो।

उक्त घटनामा पार्वतीलाई छाउगोठमा बस्न बाध्य पारेको भन्दै प्रहरीले मुद्दा चलाउन खोज्दा परिवारबाटै असहयोग भएको थियो। परिवारका सदस्यबाट जाहेरी नआएपछि प्रहरी प्रतिवेदनका आधारमा मुद्दा दर्ता गरिएको थियो। अनि, जेठाजुलाई अछाम जिल्ला अदालतले छाउगोठमा बस्न बाध्य पारेको भन्दै ४५ दिन कैद सजाय सुनाएको थियो। यो घटनामा छाउगोठ बस्ने र बसाउन बाध्य पार्नेलाई ३ महिना कैद र ३ हजार जरिवाना रहेको कानुन पहिलोपटक आकर्षित भएको थियो।

मन्त्रालयको परिपत्रअनुसार जिल्ला प्रहरी कार्यालय अछामले जिल्लाका ९१ वडाका प्रत्येक टोलमा छाउगोठ भत्काउने अभियान चलाएको थियो। स्थानीय जनप्रतिनिधि, प्रहरी र स्थानीयको संलग्नतामा अछाममा १० हजार बढी गोठ भत्काइएको थियो । तर यस्तो अभियान फेरि रोकिएको छ । २०६३ सालयता अछाममा मात्रै १४ जना महिला तथा किशोरीको छाउगोठमा मृत्यु भएको छ । गृह मन्त्रालयको आदेशमा आव ०७५/७६ देखि ०७७/७८ सम्म प्रहरीले ७ हजार ४ सय ५४ छाउगोठ भत्काएको तथ्याङ्क सुदूरपश्चिम प्रदेश प्रहरीसँग छ (ढुंगाना, २०८१) ।

यर्सथ छाउपडी प्रथाको वर्तमान अवस्था कस्तो छ ? समाजका महिला तथा किशोरीहरू अनुभव र समाजको धारणा कस्तो छ ? भन्ने उदेश्यमा आधारित रही मङ्गलसैन नगरपालिका वडा नं. ३ लाच्छिमनामा यो अध्ययन गरिएको छ ।

छाउपडी प्रथाको वर्तमान अवस्थासम्बन्धी यस अध्ययनमा निम्न प्रश्नहरूको उत्तर खोजिएको छ :

- छाउपडी प्रथाको वर्तमान अवस्था कस्तो छ ?
- छाउपडी प्रथाका बारेमा महिला तथा किशोरीहरूको अनुभूति कस्तो छ ?
- छाउपडी प्रथाका बारेमा समाजको धारणा कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

- छाउपडी प्रथाको वर्तमान अवस्था पत्ता लगाउनु ।
- छाउपडी प्रथासम्बन्धी महिला तथा किशोरीहरूका अनुभूति विश्लेषण गर्नु
- छाउपडी प्रथासम्बन्धी समाजको धारणा पत्ता लगाउनु ।

## १.४ अध्ययनको महत्व

नेपालको संविधान २०७२ मा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै; वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरेको छ । तर संविधान जारी भएको एक दशक बितिसक्दा पनि समाजमा एक प्रकारको विभेद कायमै छ । नेपालका सुदूरपश्चिम तथा कर्णाली प्रदेशमा व्याप्त रहेको छाउपडी प्रथा अन्त्यका लागि कानुनी रुपमा कुप्रथा घोषित गरेको एक दशकभन्दा बढी लामो समय भइसक्दा पनि छाउपडी प्रथा अन्त्य हुन सकेको छैन । केही हदसम्म छाउपडी प्रथा नमान्ने प्रचलन भए पनि अधिकांश महिला तथा किशोरीहरूमा वर्तमान अवस्थामा समेत महिनावारी (छाउपडी) सम्बन्धी मानसिक धारणामा परिर्वनत आउन सकेको छैन । कतिपय

ठाउँमा घरभित्रै बस्नुपर्छ भनेर भौतिक रूपमा गोठहरू भत्काएर बाध्य पारिए पनि उनीहरू मानसिक रूपमा तयार नभएको अवस्था देखिन्छ (एनएचआरसी, २०७५) ।

कुनै पनि समाजमा देखिने प्रथा चालचलन स्थापित हुनुका पछाडि विभिन्न कारणहरू हुन्छन् । संस्कृतिहरू एकाएक आएर स्थापित भएका हुँदैनन् । ती स्थापित हुनका लागि लामो समयदेखि व्यवहार वा प्रचलनमा आइरहेका हुन्छन् । छाउपडी प्रथा स्थापित हुनुका पछाडि पनि सकारात्मक-नकारात्मक दुवै कारण देखिएका छन् । यस अध्ययनमा छाउपडी प्रथाको वर्तमान अवस्थाका बारेमा विश्लेषण गरिएको छ । जसले आगामी दिनमा यस विषयमा अध्ययन गर्न चाहने अध्ययनकर्ता, शोधार्थीहरूलाई मद्दत पुग्नुका साथै अध्ययन क्षेत्रको वस्तुस्थिति पत्ता लगाई समाजलाई छाउपडी प्रथालाई अन्त्य गर्नतर्फ सघाउ पुऱ्याउनेछ । अर्कोतिर यस अध्ययनको आधारमा स्थानीय तह, सरोकारवाला निकायहरूलाई योजना निर्माण तथा यो प्रथाको व्यवस्थापनका लागि नीति निर्माण गर्न सहज बनाउनेछ ।

## १.५ अध्ययनको सीमा

यो अध्ययन छाउपडी प्रथाको वर्तमान अवस्थाका विषयमा केन्द्रित भई अछाम जिल्लाको मङ्गलसैन नगरपालिका वडा नं. ३ मा मात्रै सीमित छ । जसले गर्दा सम्रग जिल्ला, प्रदेश तथा देशको अवस्थाका बारेमा जानकारी प्राप्त नहुन सक्छ । यो विषय बृहत् भए पनि यस अध्ययनको सीमा क्षेत्र सानो भएका कारण विगतको सबैकुरा यस अध्ययनमा समेट्न कठिनाइ भएको छ । अध्ययन गर्ने क्षेत्र छाउपडी गोठमुक्त नगरपालिका घोषणा गरीसकेपछि महिला तथा किशोरीहरू पुनः छाउपडी गोठमा बस्छन् वा घरमै बस्छन् भन्ने विषयमा गहन र विस्तृत अध्ययन नभएको हुँदा यो अध्ययन छाउपडी प्रथाको वर्तमान अवस्थाका विषयमा बढी केन्द्रित भएको छ । यस अध्ययनका लागि ठूलो क्षेत्र समेटिने गरी अनुसन्धान गर्न सके अझै राम्रो तथ्याङ्क प्राप्त हुने भए पनि सीमित स्रोत-साधन, सानो क्षेत्र र समयको कारण यस अनुसन्धानलाई व्यापक अध्ययन तथा अनुसन्धान गर्न असमर्थ भएकाले जिल्लाभरिको समग्र छाउपडी प्रथाको अवस्थाको बारेमा जानकारी प्राप्त नहुन सक्छ ।

## १.७ अध्ययनको सङ्गठनात्मक स्वरूप

यस शोधपत्रलाई जम्मा **पाँचवटा अध्यायमा** विभाजन गरी त्यहीअनुरूप विश्लेषण गरिएको छ ।

जसअन्तर्गत **अध्याय एकमा** अध्ययनको पृष्ठभूमि अन्तर्गत शोधपरिचय, समस्याकथन, अध्ययनको उद्देश्य, महत्व, सीमा आदिको बारेमा उल्लेख गरिएको छ ।

**अध्याय दुईमा** साहित्यको पुनरावलोकन अध्ययन गर्ने क्रममा सैद्धान्तिक समीक्षा, छाउपडी सम्बन्धी पूर्व कार्यको समीक्षा, नीतिगत समीक्षा र अवधारणात्मक ढाँचा लगायतका विषय रहेका छन् ।

**अध्याय तीनमा** अनुसन्धान पद्धतिमा अध्ययन क्षेत्रको छनोट र औचित्य, अनुसन्धान ढाँचा, तथ्याङ्कको प्रकृति र स्रोतहरू, समग्रता र नमुना छनोटहरू, तथ्याङ्क सङ्कलन पद्धति र उपकरण तथा तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण विधि लगायतका विषय रहेका छन् ।

**अध्याय चारमा** तथ्याङ्कको प्रस्तुतीकरण, व्याख्या र विश्लेषण गर्ने क्रममा अध्ययन क्षेत्रको परिचय, छाउपडी प्रथाको वर्तमान अवस्था लगायतका विषयमा प्रस्तुतीकरण गरिएको छ ।

**अध्याय पाँचमा** अध्ययनको सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ ।

# अध्याय दुई : साहित्यको पुनरावलोकन

## २.१ सैद्धान्तिक समीक्षा

महिलाको शरीर र सामाजिक-सांस्कृतिक बहिष्कारको बारेमा कुरा गर्न विभिन्न समाजशास्त्रीय सिद्धान्तहरू छन् । ती मध्ये, यस अध्ययनमा विभिन्न नारीवादी सिद्धान्तहरूको समीक्षा गरिएको छ । नारीवादी सिद्धान्तले समकालीन महिलाहरूले सामना गर्ने समस्याहरूलाई एकीकृत गरेर मानव व्यवहार बुझ्नका लागि परिप्रेक्ष्य प्रदान गर्दछ । नारीवादी सिद्धान्त प्रायः महिलाको अधिकारसँग जोडिएको हुन्छ (आचार्य, २०७४) ।

समाजशास्त्र भनेको समाजको समग्र अध्ययन हो, जसले गर्दा समाजशास्त्रीय दृष्टिकोण र सिद्धान्तको आधारमा यो अनुसन्धान भएको छ । समाजशास्त्रीय सिद्धान्तले एक सन्दर्भ प्रदान गर्न सक्छ, जसमा मासिक धर्म निषेधको व्याख्या हो । नारीवादले तर्क गर्छ कि समाजले महिलाहरूलाई सीमित गरेर र उनीहरूका अवसरहरूलाई खुम्च्याइदिन्छ । यसले बेफाइदा गर्छ । नारीवादी सिद्धान्तहरूले लैङ्गिक अधीनताको महिला अनुभवहरू, महिला उत्पीडनका जराहरू, कसरी लैङ्गिक असमानता कायम रहन्छ र लैङ्गिक समानताका लागि विभिन्न उपायहरू प्रस्ताव गर्छन् । नारीवादी परिप्रेक्ष्य समानताको एक सहायक स्तम्भ हो र यसले महिलाहरूलाई दृष्टिकोणमा राख्न मद्दत गर्दछ । त्यहाँ महिला मुद्दाको सैद्धान्तिकीकरण गर्न केही नारीवादी सिद्धान्तहरू छन् । जस्तैः

**उदारवादी नारीवाद** : उदारवादी नारीवादको जराले राजनीतिक विचारको उदार विद्यालयमा मानव जातिका लागि तर्कसंगत न्यायमा जोड दिन्छ । यसले महिलाको राजनीतिक, आर्थिक र सामाजिक स्थितिमा क्रमिक परिवर्तन ल्याउने लक्ष्य राखेको छ । उदारवादी नारीवादीहरू समाजमा क्रान्तिकारी परिवर्तन चाहँदैनन्, बरु विद्यमान सामाजिक संरचनामा लोकतान्त्रिक व्यवस्थाद्वारा सुधार चाहन्छन् । महिलाहरू कसरी पुरुषका आश्रित हुन्छन् भन्ने बारे (डे ब्युवाईर, १९४९) का विचारहरूले विषय र अन्य सम्बन्धको उदाहरण दिन्छन्ः महिला उत्पीडन अन्त्य गर्न उनले प्रस्ताव गरेको समाधान भनेको महिला जन्मजात नारी हुन् भन्ने धारणालाई अस्वीकार गर्नु हो । दोस्रो, महिलाहरू शारीरिक रूपमा कमजोर छैनन् तर उनीहरू बनाइएका छन् र उनीहरूलाई दिइएका भूमिकाहरू स्वीकार गर्नका लागि निर्धारित जिम्मेवारीहरू आदि सबै अस्तित्ववादी विचारहरू हुन् । डे ब्युवाईरले प्रयोग गरेको विषयवस्तुलाई परिभाषित गरेर सिर्जना गरिएको हो, वा तपाईंको वरपरका मानिसहरूका

लागि भूमिकाहरू सिर्जना गरिएको हो । (डे ब्युवाईर, १९४९) महिलाहरू कमजोर छैनन्, उनीहरूलाई हाम्रो समाजको धर्म, पितृसत्ता र संरचनाले कमजोर बनाएको छ । उदारवादी नारीवादले कानुनी, सामाजिक, राजनीतिक र आर्थिक संस्थाहरूमा महिलाको असमान पहुँचले उत्पीडनलाई बढावा दिन्छ र त्यसको समाधान भनेको शिक्षा, आमसञ्चार, राजनीति र रोजगारी जस्ता सार्वजनिक क्षेत्रहरूमा महिलाहरूलाई समान कानुनी अधिकार र सहभागिता पाउनुपर्छ भन्ने विश्वास गर्छ । उदारवादी नारीवाद पहिलो र महत्वपूर्ण नारीवाद हो, यो मुख्यतया उदार र राजनीतिक अधिकारहरूमा केन्द्रित छ । समाजका हरेक क्षेत्रमा समान सहभागिताको आवश्यकता छ, साथै यो महिलाको हैसियत परिवर्तनका लागि क्रमिक रूपमा सामाजिक संरचनात्मक परिवर्तनमा केन्द्रित छ । रोजगारी र शिक्षामा समान सहभागिता आवश्यक छ । लिङ्गवाद, कार्यक्षेत्र, प्रजनन भूमिकामा महिलाको असमानता छ, जसको विश्लेषण गर्न आवश्यक छ भन्ने मान्य यस सिद्धान्तले राख्दछ ।

**कट्टरपन्थी नारीवाद** : कट्टरपन्थी नारीवादी समूहहरू केही नारीवादी समूहहरू थिए, जसले महिलाहरूलाई पुरुषको अधीनमा राख्ने लैªगिक सम्बन्धमा थप क्रान्तिकारी परिवर्तन खोजिरहेका थिए । संसारभरिको समाजको आदर्श पाटो भएको लैङ्गिक सम्बन्धमा पूरै क्रान्ति ल्याउनका लागि उनीहरूले यी विषयमा अलिकति चेतना जगाउन थाले (मिलेट, १९६९) ।

कट्टरपन्थी नारीवाद भनेको नारीवादको एक रूप हो, जसले समाजको कट्टरपन्थी पुनर्संरचनाको वकालत गर्छ । जसमा सबै सामाजिक र आर्थिक क्षेत्रमा पुरुष सर्वोच्चताको अन्त्य हुनुपर्छ भन्ने मान्यता राख्दछ । जबकि महिला अधिकारमा अन्य सामाजिक विभाजनहरू, जस्तैः जाति, वर्ग र यौन अभिमुखीकरणको प्रभाव छ । यसबाहेक, कट्टरपन्थी नारीवादले महिलाहरू सामाजिक, सांस्कृतिक, आर्थिक रूपमा स्वतन्त्र हुनुपर्छ भन्ने दाबी गर्छ किनभने उनीहरू स्वतन्त्र छन् भन्ने विश्वास गरिन्छ । तिनीहरूले आफ्ना उत्पादक कार्यहरू आफैं गर्न सक्छन् चाहे त्यो आर्थिक उत्पादन वा अनुष्ठान प्रदर्शनको बारेमा होस् ।

**समाजवादी नारीवाद** : समाजवादी नारीवाद मार्क्सवादी नारीवादी विचारको लैङ्गिक-अन्धो प्रकृतिको असन्तुष्टिको परिणामको रूपमा देखा पर्‍यो । समाजवादी नारीवादी सन् १९६० को दशकको उत्तरार्धमा विकसित भयो । यो सामाजिक आन्दोलन र एउटै चेतना बढ्दै गएका समूहहरूबाट बढ्छ, जसले नारीवादका अन्य रूपहरू उत्पादन गर्दछ । महिला उत्पीडन र

समाजमा अन्य उत्पीडनहरू बीचको सम्बन्ध, जस्तैः जातिवाद र आर्थिक असमानता, समाजवादी नारीवादी सिद्धान्तमा अन्वेषण गरिएको थियो । समाजवादी नारीवादले महिलामाथि हुने उत्पीडनको बारेमा कुरा गर्छ । या त त्यो एकमात्र कारण होइन, बरु यसले जात, वर्ग, लिङ्ग र यौन झुकावमा आधारित असमानता उत्पीडनका विभिन्न कारणहरू छन् भन्ने विश्वास गर्छ । त्यसैले समाजवादी नारीवादले आर्थिक र सामाजिक हैसियतमा पुरुष र महिला समान हुनुपर्छ भन्ने तर्क गर्छ । हालको समाजमा, प्रायः पुरुषहरू उत्पादनमूलक कार्यहरूमा व्यस्त छन्, जस्तैः विभिन्न नाफामूलक संस्था र क्षेत्रहरूमा कार्यरत छन्, जसले उनीहरूलाई आर्थिक स्थिति बलियो बनाउन मद्दत गर्दछ । तर महिलाहरू प्रजनन कार्यमा व्यस्त छन्, जस्तैः स्याहार, हेरचाह, पालनपोषण र स्तनपानमा भने केही हदसम्म तिनीहरू भान्साको काममा समेत व्यस्त छन् । महिलाले प्रजनन गर्न सक्छन्, जुन प्राकृतिक प्रक्रिया हो । तर “महिलाले प्रजनन मात्र गर्न सक्छन्, उत्पादनमा काम गर्न सक्दैनन्” भन्ने दाबी वा मिथ्या विचार सामाजिक रूपमा निर्माण गरिएको छ । सत्य के हो भने महिला उत्पादन कार्यमा पनि संलग्न हुन सक्छन्, बाहिरी काममा पनि संलग्न हुन सक्छन् ।

**तेस्रो लहर नारीवाद** : तेस्रो लहर नारीवादको मुख्य चासो नारीवादी व्याख्याको विश्वव्यापी प्रकृतिमा देखिन्छ र विभिन्न पृष्ठभूमिका महिलाहरूबीचको भिन्नतालाई सम्बोधन गर्न जोड दिन्छ । उनीहरूले वर्ग, जाति, जातीय उमेर र मनोवृत्तिका आधारमा वस्तु, सेवाको असमान वितरणबाट विद्रोह गर्ने विश्वव्यापी व्यवस्थामा महिलाहरूलाई एक समूहको रूपमा हेर्ने प्रवृतिको आलोचनात्मक रूपमा मूल्याङ्कन गरेका छन् (मोहेन्टी, २००२) ।

यसले सीमान्त, ग्रामीण, वञ्चित, पिछडिएको, बहिष्कृत समुदाय एवं गरिबहरु आदिको वकालत गर्दछ । जसको विभिन्न कोणबाट विश्लेषण गर्न आवश्यक छ । किनभने संसारका सबै महिलाको पीडा एउटै हुँदैन । समाजमा विभिन्न प्रकारका प्रचलनहरू छन् र त्यस्ता प्रचलनहरूलाई हामीले एउटै तरिकाले हेर्न सकिँदैन । त्यसैले समाजका विभिन्न असमानताहरूलाई हेर्नका लागि फरक दृष्टिकोणको आवश्यकता छ ।

**उत्तर-आधुनिक नारीवाद** : उत्तर-आधुनिकतावाद मानव इतिहासको दर्शन र मेटा-कथनहरूका लागि एक महत्वपूर्ण दृष्टिकोण हो । यसले अतिव्यापी स्थितिहरूको दायरालाई जनाउँछ, जसको नारीवाद भित्र एक निश्चित अर्थ छैन (लुईटेल, २००६) ।

उत्तर-आधुनिक नारीवादले महिला उत्पीडनका लागि व्यापक व्याख्या र समाधानलाई बेवास्ता गर्छ । लैङ्गिक असमानता, बहुलता र भिन्नताहरूमा केन्द्रित र यसको समाधानले लैङ्गिक असमानता निम्त्याउने समाजमा स्थापित पितृसत्तात्मक मान्यताहरूलाई अस्थिर बनाउन वकालत गर्दछ । पितृसत्तात्मक मान्यताका कारण सम्पत्ति, नैतिक अख्तियार र राजनैतिक नेतृत्वको नियन्त्रणमा महिलाका प्राथमिक अधिकार पितृसत्तात्मक मान्यताहरूले शोषण गरेको छ । पुरुषहरू कमाइका लागि बाहिर निस्कन्छन् र महिलाहरू घरमै बस्नुपर्छ । महिलाहरूले समाजको परम्परागत मान्यतालाई पछ्याउँछन् । महिलाहरू पुरुषमा भर पर्नुपर्छ । तसर्थ, पितृसत्तात्मक मान्यताले समाजमा लैङ्गिक असमानतालाई निम्त्याएको छ ।

अनुसन्धानकर्ताको मिशन महिला अधिकार परिवर्तन गरेर र सबै प्रकारका सामाजिक असमानता उन्मूलन गरेर विश्वव्यापी लैङ्गिक न्यायमा योगदान पुऱ्याउने अर्थपूर्ण ज्ञान उत्पन्न गर्नु हो । हालको सन्र्दभमा व्यापक रूपमा स्वीकृत मान्यता र अभ्यासहरू समावेश गर्न सक्छ । सामाजिक नियमहरूका गतिविधहरू प्रायः हरेक क्षेत्रमा प्रवेश गर्छन्, सामाजिक नियमहरूले महिलाहरूको आन्तरिक मोलतोलको स्थितिलाई पनि कमजोर बनाउन सक्छ ( अग्रवाल, १९९७) । उनको तर्क छ कि मोलतोलको सामाजिक मान्यता, विश्वास प्रणाली र सांस्कृतिक मान्यताद्वारा प्रभावित छ । सामाजिक परम्परा र आदर्शका कारण महिलाले मोलतोल गर्न नसक्ने भएकाले त्यसो गरेमा आफ्नो परिवार र समाजले दुर्व्यवहार गर्ने भएकाले परम्पराको पालना गरी मोलतोलबाट जोगिनुपर्छ । उत्तर-आधुनिकतावादी शक्तिको बुझाइलाई आकार दिन प्रभावशाली रहेको छ, जसले शक्तिलाई जबरजस्तीको औजारको रूपमा प्रयोग गर्ने अभिनेताहरूको विश्लेषणबाट एक मार्गको नेतृत्व गर्दछ ।

सामाजिक-सांस्कृतिक विश्वासले महिलालाई 'छाउपडी' प्रथा चलाउन बाध्य बनाएको छ । 'छाउपडी' प्रथालाई सामाजिक मान्यताका रूपमा किशोरी तथा महिलाले मात्र पालना गर्ने गरेका छन् । उनीहरू आफ्नो परिवार र समाजका कारण यसलाई बर्जितका रूपमा पालना गर्न बाध्य छन् । तर, त्यो भिन्नता नारीवादको विषय हो, जुन यसमा देखाउन खोजिएको छ । उत्तरआधुनिक नारीवादको लक्ष्य पितृसत्तात्मक मान्यताहरूलाई हटाउनु हो, जसले सामाजिक लैङ्गिक असमानताहरूको परिणाम दिन्छ । उत्तरआधुनिक नारीवादीहरूले सामाजिक लैङ्गिक असमानतामा योगदान पुऱ्याएका कुनै पनि विचारहरू जाँच्ने लक्ष्य राख्छन् । छाउपडी प्रथामा असमान र अदृश्य शक्ति सम्मिलित छ । त्यसैले यो अध्ययनलाई उत्तर-आधुनिक सिद्धान्तसँग जोडिएको छ । किनभने, यो एक सामाजिक मुद्दा हो र यसमा

शक्ति प्रतिवादीको धारणा, परिवार र समाजबाट उनीहरूको अनुभव र बलियो सामाजिक-सांस्कृतिक विश्वास देखिन्छ । जुडिथले लिङ्गलाई प्रक्रिया, संरचना र लैङ्गिक भूमिका परिवर्तनका रूपमा चर्चा गर्दै ऐतिहासिक कालदेखि नै समाजमा विद्यमान लैङ्गिकलाई समाजबाट टाढा राख्न नसकिने कुरामा जोड दिएकी छन् । लैङ्गिक सामाजिक संरचनाको एक अंग हो जुन असमान स्थितिमा आधारित छ । त्यसैगरी, उनले सामाजिक संरचनाले लैङ्गिक भूमिकालाई सुदृढ गर्ने कुरा गरेकी छिन् र वास्तवमा लिंग एउटा प्रक्रिया हो जहाँ संस्थागत परिवर्तनका लागि ठाउँ छ, जुन यस सान्दिर्भिक मुद्धासंग जोडिएको छ, त्यसैले अनुसन्धानकर्ताले जुडिथको तर्कलाई नारीवादी परिप्रेक्ष्य भएको उल्लेख गर्नेछन् ।

विशेषगरी, यो दृष्टिकोणले महिलाको धारणा र सामाजिक व्यवस्थाको बारेमा उनीहरूको अनुभवमा केन्द्रित थियो भन्ने दाबी गर्छ । 'छाउपडी' प्रथा विगतमा पनि चलिरहेको थियो र अहिले पनि चलिरहेको छ, अहिले धेरै समाजसेवी, स्थानीय सरकार, गैरसरकारी संस्था, एनजिओ र आईएनजीओले जनचेतनामूलक कार्यक्रम गरी 'छाउपडी गोठ' वा महिनावारी (छाउपडी) प्रथा हटाउन सङ्घर्ष तथा प्रयास भने गरिरहेका छन् । केही हदसम्म यो प्रथा मान्ने चलन कम भए पनि अहिलेसम्म पनि अछाममा महिनावारी 'छाउपडी प्रथा' चलन चलिरहेको छ । तसर्थ यस अध्ययनमा अनुसन्धानकर्ताले उत्तर आधुनिक सिद्धान्तलाई पछ्याउँदै समाजमा छाउपडी प्रथाको वर्तमान अवस्थाको पहिचान गरेको छ ।

### २.१.१ विश्व परिदृश्य

चिनियाँहरूले शरीरबाट निस्कने सबै फोहर, जस्तैः पिसाब, दिसा, सिँगान, कफ र महिनावारीको रगत तथा रगतजन्य पदार्थहरूलाई फोहोर मान्दछन् । यी सबै शरीरको सुव्यवस्थित प्रणालीबाट अस्वीकार गरिन्छ र बाहिर निकालिन्छ । यदि यी हटाइएन भने प्रणालीको अस्तित्वमा रहेको व्यवस्थालाई धम्की दिन्छन् । महिनावारी रगत सबैभन्दा खराब हो, किनकि यो फोहोर मात्र छैन, प्रदूषित पनि छ । डगलसका अनुसार प्रदूषण र पवित्र चिजहरूबिचको सम्बन्ध बलियो छ र दुबै शक्तिशाली हुन्छन् । तर प्रदूषणले खतराको प्रतिनिधित्व गर्दछ, जसले सम्पर्कमा आउनेलाई अशुद्ध बनाउँछ र तिनीहरूलाई अनुष्ठान गर्न वा पवित्र वस्तुको उपस्थितिमा प्रवेश गर्न असमर्थ बनाउँछ (यूक चु, १९८०) ।

ग्रामीण बंगलादेशमा महिनावारीलाई व्यापक रूपमा दूषित मानिन्छ । त्यहाँ महिलाहरूले के गर्न सक्छन् र उनीहरू कहाँ जान सक्छन् भन्नेबारे विभिन्न सीमाहरू राखिएको छ । उत्तरी

बङ्गलादेशको चार ब्रामागाचा बस्तीमा महिनावारीका अवधिहरू एक गोप्य र लाजमर्दो घटनाका रुपमा स्थापित छन् । दुष्ट आत्माहरू रगतमा तान्ने डरले त्यहाँ महिनावारीका पुरानो लुगाहरू माटोमा गाडिदिने गर्छन् । त्यहाँ महिला र किशोरीहरू आफ्नो महिनावारीको समयमा बिहान सबेरै उठेर ट्यूबमा लुक्छन् र घरपरिवारका अन्य सदस्यहरू उठ्नुअघि उनीहरू नुहाइसक्छन् । 'महिनावारी महिला तथा किशोरीहरूले आफ्ना कपडा लुकाउँछन्, ताकि पुरुष आफन्तहरूले त्यस्ता कपडा कहिल्यै नदेखुन् । अन्धविश्वासले महिनावारीलाई घेरेको छ । महिनावारीको समयमा छोएमा मात्रै धेरै चीजहरू बिग्रन्छ भन्ने अन्धविश्वास छ,' चार ब्रामागाछाकी १४ वर्षीया शोपना भन्छिन् ।

'महिनावारीलाई खाना, खाना पकाउने भाँडाकुँडा वा भान्साको बगैँचामा छुन दिइँदैन,' १७ वर्षीया मोनिरा थप्छिन्, 'मन्दिर वा मस्जिद जान दिइँदैन र गाई पवित्र भएकाले हिन्दू युवतीहरूलाई गाईको गोठमा जान समेत दिइँदैन । बङ्गलादेशमा पनि यस्ता धारणा व्यापक छन् । हरेक महिना महिलाहरू सात दिनसम्म घरबाट बाहिर निस्कन अस्वीकार गर्छन् भने पढ्न र खाना नखाने प्रतिबन्धहरू पालना गर्न पनि मान्दैनन् । यी धेरै संस्कारहरू हानिरहित भए तापनि महिनावारीको रगत प्रदूषित र हानिकारक छ भन्ने धारणाले महिनावारी शरीर कमजोर र अपमानजनक हुन्छ भने महिलाको स्वास्थ्यलाई जोखिममा पार्ने व्यवहारहरू निम्त्याउँछ' (सेमोर, २००८) ।

महिनावारी भनेको प्रजनन चक्रको जैविक प्रक्रिया हो । यो समयमा किशोरी तथा महिलाहरूको पाठेघरबाट रगत बाहिर निस्कन्छ । यो एक प्राकृतिक प्रक्रिया हो, जुन किशोरीहरूमा ११ देखि १४ वर्षको उमेरमा सुरु हुन्छ । तिनीहरूमा यौवनको प्रारम्भिक लक्षणहरूमध्ये यो पनि एक हो । यो किशोरीहरूलाई मात्र असर गर्ने घटना हो भन्ने तथ्यको बाबजुद सधैं धेरै समुदायहरूमा गोप्य र मिथकका रूपमा लुकेको छ । जसले गर्दा महिला र किशोरीहरूलाई सामाजिक र सांस्कृतिक जीवनका धेरै कुराबाट टाढा राख्द्छ (गर्ग, २०१५) ।

भारतमा अधिकांश किशोरी र महिलाहरू महिनावारी भएको समयमा नियमित रूपमा प्रतिबन्धको अधीनमा छन् । महिनावारीको समयमा शहरी क्षेत्रका महिला तथा किशोरीहरूका लागि मुख्य बन्देज भनेको 'पूजा' कोठामा प्रवेश नगर्नु हो भने ग्रामीण क्षेत्रका महिलाका लागि महिनावारीको समयमा भान्साकोठामा प्रवेश मुख्य बन्देज हो । महिनावारी भएका किशोरी र महिलाहरूलाई पूजापाठ, प्रार्थना गर्न वा पवित्र पुस्तकहरू छुनु पनि निषेध

गरिएको छ । महिनावारीसँग सम्बन्धित अशुद्धताको बारेमा सांस्कृतिक विचारहरू पनि यस अन्धविश्वासको मूलमा छन् (आनन्द, २०१५) ।

ब्राजिलको टिकुना जनजातिको पहिलो महिनावारी चिन्ह लगाउने अनौठो तरिका छ । जब एउटी किशोरी पहिलोपटक महिनावारी हुन्छिन्, उनी एक वर्ष घरमा एक्लै बस्न बाध्य हुनुपर्छ । त्यस समयमा ती किशोरीको हेरचाह गर्न हजुरआमालाई मात्र अनुमति दिइन्छ । महिनावारी भएकी किशोरीकी हजुरआमाले त्यस समयमा उनलाई धेरै परम्परागत सीपहरू सिकाउनुहुन्छ, जस्तैः सिलाइबुनाइ, औषधीय जडीबुटीहरू पहिचान गर्ने, पारिवारिक हेरचाह गर्ने आदि (एक्विनो, २०२०) ।

महिनावारी एक प्राकृतिक प्रक्रिया हो, यस बेला किशोरीहरू महिनावारी हुँदा उनी आमा बन्न सक्षम हुन्छिन् । यो एक प्राकृतिक प्रक्रिया हो भनिए पनि यो सामाजिक-सांस्कृतिक विश्वासमा अवस्थित छ । संसारमा महिनावारी सामाजिक बर्जित जस्तै छ । यसलाई विभिन्न रूपहरूमा मानिन्छ । भारतमा महिनावारीलाई अपवित्र र प्रदूषित मानिन्छ । महिनावारी हुँदा अपवित्र हुने मान्यताअनरूप नै भान्सा र मन्दिरमा पनि जान दिँदैनन् । आधुनिक युगमा पनि अधिकांश हिन्दू महिलाहरूले महिनावारी प्रक्रियाको पालना गरिरहेका छन् । त्यस्तै, बङ्गलादेशमा महिनावारीलाई अपवित्र मानिन्छ । यसर्थ विश्वका विभिन्न देश तथा राष्ट्रहरूमा पनि महिनावारीलाई विभिन्न रूप र प्रकृतिमा विभेदका रूपमा मान्यता दिइन्छ । सामान्यतया, हिन्दू धर्म उन्मुख देश र समाजले महिनावारी वर्जितका रूपमा विश्वास गर्ने र महिनावारीसँग सम्बन्धित चलनलाई फरक तरिकाले अभ्यास गर्ने गरेका छन् ।

## २.१.२ हिन्दू धारणा

महिनावारी हुँदा महिलाले आफ्ना सबै क्रियाकलाप बन्द गर्नुपर्छ । उनी सुनसान ठाउँमा जानुपर्छ, जहाँ उनलाई कसैले नदेखोस् । उनीहरूले एउटै लुगा लगाउनुपर्छ र कुनै गहना लगाउनु हुँदैन । कसैसँग बोल्न, हेर्न वा इशाराले कुराकानी गर्नु हुँदैन । एउटै भाँडो अर्थात् रातो माटोको भाडामा मात्र खानुपर्छ, भुइँमा बस्ने र सुत्ने गर्नुपर्छ । ३ रात यसरी बसेपछि चौथो दिन सूर्योदयमा नुहाएर र लुगा धोएर मात्र पवित्र हुन्छिन् (वर्कन्स, १९९०) ।

महिलाको मनस्थिति निर्माणमा धर्म एक प्रमुख कारक हो र हाम्रो दैनिक जीवनमा सामाजिक अर्थ र परिभाषाले धर्म महत्वपूर्ण छ । हिन्दू धर्म विश्वको सबैभन्दा ठूलो धर्म हो,

त्यसैले यस धर्मको विकास र अभ्यासमा महिलाको भूमिकाको खोजी गर्नु आवश्यक छ । हिन्दू धर्मका अनुसार नारीले भगवान्को पूजा गर्छन्, हिन्दू महिलाहरू दैनिक घर तथा मन्दिरको पूजामा सहभागी हुने गर्दछन् । नारी पवित्र हुन्छन्, कुनै पनि कुरा छुनु र जुनसुकै ठाउँ जान रोक छैन । तर महिला तथा किशोरी महिनावारी हुँदा ७ दिनसम्म शरीर अपवित्र, अछुत र अशुद्ध भएको मानिन्छ, जसकारण यी सबै काम गर्न दिइँदैन ।

अछामलगायत केही जिल्लाहरुमा महिनावारीलाई 'छाउपडी'का नामले चिनिन्छ । सामान्यतया सुदूरपश्चिम र कर्णाली प्रदेशका महिलाहरू हिन्दू परम्परामा विश्वास गर्ने प्रचलनमा सबैभन्दा बढी संलग्न छन् । तिनीहरूले छाउपडी हुँदा मन्दिर, घर, देवताको घर, गाईवस्तु छोएमा भगवान् रिसाउँछन्, परिवारमा विपत्ति आइलाग्छ, गाईगोरु मर्छन्, परिवारका सदस्य बिरामी पर्छन्, बालीनाली उब्जाउ हुँदैन भन्ने रुढीग्रस्त मान्यतामा विश्वास गर्छन् । महिनावारीलाई नेपाली संस्कृति र परम्परामा अपवित्र मानिन्छ । महिनावारी हुने उमेरका महिला र किशोरीहरूले वर्षको एक महिनामा एक दिनका लागि 'ऋषि पञ्चमी' भनिने पर्व मनाउने गर्छन्, जसमा उनीहरूले "पाप नष्टका लागि जल, प्रार्थना र उपवास बस्छन्" (अमात्य, २०१८) ।

महिनावारी भएका महिला र किशोरीहरूलाई आफ्नो परिवारबाट अलग्गै राखेर घर, भान्छा वा मन्दिरमा प्रवेश गर्न निषेध गरिएको छ । महिनावारी भएका बेला उनीहरू छाउपडी गोठ अर्थात् झुपडीमा बस्छन् । जुन सामान्यतया माटो, काठ र ढुङ्गाले बनेको हुन्छ । उनीहरूले परिवारका सदस्यहरू, खासगरी पुरुष सदस्यहरूलाई छुन समेत पाउँदैनन् र उनीहरूलाई एकअर्काको सम्पर्कमा नआउने गरी खाना र पानी दिइन्छ । महिनावारी भएका महिलाहरूले पारिवारिक, धार्मिक वा सामाजिक कार्यक्रमहरू समेत जान पाउँदैनन् ।

यस प्रकारको सामाजीकरणको प्रक्रिया एक पुस्तादेखि अर्को पुस्तामा हस्तान्तरण हुन्छ । पुस्तौँदेखि महिनावारी (छाउपडी प्रथा) प्रक्रिया सामाजिक तथा धार्मिक रूपमा समेत 'पाप' 'पुण्य' 'अशुद्ध' 'अपवित्र'को अवधारणाले ऐतिहासिक रूपमा जेलिएको छ ।

## २.२ छाउपडीसम्बन्धी पूर्वकार्यको समीक्षा

महिनावारी (रजस्वला) प्रजनन स्वास्थ्यका लागि एउटा महत्त्वपूर्ण पक्ष हो । महिनावारी (रजस्वला) भनेको उमेर पुगेका महिलाहरूको प्रजनन अङ्गबाट रक्तस्राव हुनु हो, जुन

रजस्वलाको सुरुवातदेखि अन्तसम्म नियमित रूपले मासिक अनुपातमा भइरहन्छ (भण्डारी, २००६) ।

महिनावारी प्रक्रियाले किशोरीहरूलाई यौवनावस्थामा प्रवेश गराउँदछ । महिनावारी (रजस्वला) को सुरुवातदेखि निश्चित चक्रमा निरन्तर चलिरहने प्रक्रिया भएका कारण सुरुसुरुमा किशोरीहरू विशेषतः संवेगात्मक विकासमा देखा पर्ने परिवर्तनप्रति असहजता महसुस गर्ने गर्छन् । महिनावारीलाई समाजमा विभिन्न नामहरू, जस्तैः छाउपडी, बाहिर हुनु, छुई हुनु, पर सर्नु, गोठ जानु आदि नामले चिनिन्छ (उपाध्याय, २०१०) ।

जुम्ला र कालिकोट जिल्लाका विद्यालयका छात्राहरूमा गरिएको अनुसन्धान अनुसार महिनावारी हुँदा ७७ प्रतिशत किशोरीलाई छाउगोठमा राखिने, ४८ प्रतिशतलाई सामाजिक जमघटमा जान नदिने र २८ प्रतिशतलाई महिनावारीको समयमा विद्यालय जान नदिने गरेको छ । यसले प्रतिमहिना लगभग ४ देखि ११ दिन विद्यालय छुटेका छन्, जसको परिणाम गृहकार्य, शिक्षक र विद्यालय प्रशासनबाट अन्य नकारात्मक प्रभाव परेको छ । राष्ट्रिय तथ्याङ्कका अनुसार १५ देखि १९ वर्षका किशोर किशोरीहरूमध्ये ४४.२ प्रतिशतले माध्यमिक विद्यालय छाडेका छन् र २१.३ प्रतिशतले कहिल्यै पढेका छैनन् । यसका अनेक कारणहरूमध्ये एउटा अनियमित विद्यालय हुनु हो (कोइराला, २०१०) ।

विकसित संसारका धेरैजसो भागहरूमा महिलाहरूले महिनावारी चक्रलाई एक निजी कुराको रूपमा व्याख्या गरेको पाइन्छ । त्यस समयमा विद्यालय जान वा समाजमा अन्य कुनै पनि रूपमा योगदान गर्ने क्षमतामा कुनै असर नपर्ने तर्क गरिन्छ । तथापि, नेपालमा महिलाहरूलाई सामान्यतया उनीहरूको महिनावारीको समयमा अशुद्ध र अपवित्र मानिन्छ, जसकारण उनीहरूको जीवनका धेरै सामान्य कुराहरूमा भाग लिनबाट रोक लाग्छ । आजको आधुनिक समयमा पनि महिलालाई महिनावारीको अवधिभर अस्वच्छ झुपडीमा पठाइन्छ । 'छाउपडी' प्रथा परम्परागत चलन हो, जसमा महिला र किशोरीहरूलाई घरमा जान निषेध गरिएको छ र महिनावारी हुँदा 'छाउपडी' झुपडीमा बस्नुपर्छ । 'छाउपडी' नेपालको सुदूरपश्चिम र कर्णाली प्रदेशमा बढी प्रचलित छ । सुदूरपश्चिममा छाउपडी प्रचलन मुख्यतया अछाम, बझाङ, बाजुरा, डोटी, बैतडी, डडेल्धुरा, दार्चुला, कञ्चनपुर र कैलाली जिल्ला प्रचलित छ (सिंह, २०७६) ।

यी स्थानहरूमा समुदाय तथा घरपरिवारले महिनावारीलाई प्राकृतिक प्रक्रिया मान्दैनन् । नेपालका धेरै ठाउँमा, विशेषगरी सुदूरपश्चिममा महिलालाई अपवित्र मानिन्छ । जब महिला वा किशोरीहरू महिनावारी हुँदा उनीहरू अछुतजस्तै हुन्छन्, तब परिवारबाट छुट्टिएर खाना खान बाध्य हुन्छन् । महिनावारी भएका महिलालाई समाजको काममा भाग लिन, भान्साकोठामा प्रवेश गर्न र धेरैजसो ठाउँमा शौचालय प्रयोग गर्न समेत निषेध गरिएको छ । तिनीहरूलाई मन्दिर प्रवेश गर्न दिइँदैन् । भगवान्को पूजा गर्दैनन् र महिनावारीको समयमा पुरुष सदस्यलाई समेत छुँदैनन् । महिनावारीको समयमा महिलाहरू हरेक सामाजिक गतिविधिबाट टाढा रहन्छन् । यस अध्ययनमा छाउपडी प्रथाको वर्तमान अवस्थाका बारेमा चित्रण गरिएको छ ।

सामान्यतया स्त्री यौवन अवस्थामा पुगेपछि हरेक महिनामा रजस्वला हुने भएकाले यसलाई मासिक स्राव भनिएको हो । यो स्त्री यौवन अवस्थामा पुग्दा प्राकृतिक रूपमा हुने स्वाभाविक प्रक्रिया हो । स्त्रीमा पहिलोपटक हुने रजस्वलालाई मेनार्की (Menarche) भनिन्छ । सामान्यतया १० देखि १४ वर्षभित्रमा स्त्रीमा पहिलो रजस्वला हुन्छ भने ४५ देखि ४९ वर्षभित्रमा यो बन्द हुन्छ । यसरी बन्द हुनुलाई रजोनिवृत्ति (Menopause) भनिन्छ । यस अवस्थामा पुगेपछि स्त्रीहरू गर्भधारण गर्न सक्षम हुँदैनन् । रजस्वला चक्र करिव २८ दिनको हुन्छ । कसैमा केही दिन अगाडि या पछाडि हुन सक्छ । एउटै व्यक्तिमा पनि एक चक्र कहिले लामो कहिले छोटो हुन सक्छ । रजस्वला सुरु भएको दिनलाई रजस्वला चक्रको पहिलो दिन भनिन्छ । प्रत्येक अठ्ठाइस दिनमा रजस्वला हुने स्त्रीमा रजस्वला भएको करिव चौधौँ दिनमा डिम्ब निष्कासन (Ovulation) हुन्छ । अथवा अर्को रजस्वला चक्र सुरु हुनु चौधौँ दिन अगाडि डिम्ब निष्कासन हुन्छ । रजस्वला करिव ५-६ दिनसम्म हुन्छ । यस बेलामा पाठेघरको भित्ता च्यातेर रगत तथा श्लेष्म बाहिर बग्छ । रजस्वलाबाट बग्ने रगत जम्दैन किनभने यसमा पाठेघरको भित्ता (Endometrium) ले एन्टिकोगुलान्ट (Anticoagulant) मिस अवस्थामा विभाजन गर्न सकिन्छ (महर्जन, २०६८) ।

महिनावारी (छाउपडी) हुनु महिलाको नियमित प्रक्रिया हो, जसले गर्भधारण प्रक्रियालाई चुस्तदुरुस्त बनाइरहन्छ । यो जैविकीय परिवर्तन भएकाले महिलाको पिट्यूटरी ग्रन्थी (Pitutary gland) ले उमेर बढ्दै गएपछि उत्पादन हुने पदार्थले महिलाको अण्डासयलाई अण्डा उत्पादन गर्न प्रेरित गर्दछ । यो अण्डा परिपक्व भएर निशेचन भएन भने फुटेर महिनावारी हुने गर्दछ ।

हिन्दू धर्म विशेषगरी ब्राह्मण, क्षेत्री र दलित समुदायमा महिनावारी हुँदा बार्ने प्रचलन रहेको पाइन्छ । मध्य पश्चिम र सुदूरपश्चिममा महिनावारीलाई अपवित्र र अशुद्ध भन्ने प्रचलन भए तापनि धार्मिक गुरुले अत्यावश्यक समयमा चोख्याउने गरेको पाइन्छ । संसारका सबै धर्महरूमा महिलाहरूलाई महिनावारी भएको समयमा विभिन्न प्रकारका प्रतिबन्धहरू लगाउने गरेको पाइन्छ । यहुदी धर्म, इस्लाम, बौद्ध र हिन्दू धर्म र सिख धर्ममध्ये सिखले मात्र महिलाहरूलाई कुनै पनि प्रतिबन्ध नलगाएको देखिन्छ ।

यहुदी धर्मको कानून 'हालाख' अनुसार महिनावारी भएका महिलालाई १ हप्तासम्म अपवित्र हुने हुनाले दैनिक क्रियाकलाप गर्न र अन्य पुरुषहरूलाई छुन एवं शारीरिक सम्पर्क राख्न प्रतिबन्ध लगाइएको छ । सातौँ दिन धार्मिक परम्पराअनुसार नुहाएर शुद्ध हुने भन्ने उल्लेख गरिएको छ । त्यस्तैगरी क्रिश्चियन धर्मअनुसार पूर्वीय परम्परागत क्रिश्चियन चर्चमा महिनावारी भएको महिलालाई अशुद्ध मानिने भएकाले संगठनमा सहभागी हुन नदिने र बाइबलीय एवं धार्मिक क्रियाकलापमा संलग्न नहुने भन्ने रहेको छ । तर यो नै विश्वव्यापी अभ्यासचाहिँ नरहेको भन्ने पनि उल्लेख गरिएको छ । इस्लाम धर्मको कुरानमा महिनावारी भएको समयमा महिला अशुद्ध हुने भएकाले टाढा बस्नुपर्ने, धार्मिक कार्यमा सहभागी हुन नपाउने र पुरुषहरूलाई छुन नहुने भन्ने उल्लेख गरिएको छ । बौद्ध धर्मावलम्बीका अनुसार महिनावारी एक प्राकृतिक र शारीरिक नियमित मासिक प्रक्रिया हो भन्ने रहेको भए तापनि हिन्दू धर्मको प्रभावस्वरूप केही ठाउँमा मन्दिर र गुम्बाभित्र नजाने गरेको कुरा उल्लेख गरेको पाइन्छ । सिख धर्मका संस्थापक गुरु नानकले महिनावारी भएको समयमा महिलालाई अपवित्र व्यवहार गर्नेलाई निन्दा गर्दै महिनावारी प्राकृतिक र नियमित मासिक चक्र भएकोले महिलालाई प्रार्थना गर्न, मन्दिरमा पूजा गर्न र अन्य कुनै पनि प्रकारको बन्देज नलगाएको पाइन्छ । हिन्दू धर्म-संस्कृति अनुसार महिनावारीका बेला स्त्रीहरूलाई भान्सा कोठामा पस्न, मन्दिरभित्र जान, पुरुष र अन्य मान्छेलाई छुन, रुख-विरुवा छुन समेत प्रतिबन्ध लगाइएको छ । भारतका कुनै-कुनै हिन्दू मन्दिर बाहिर बोर्डमा नै लेखेर मासिक धर्म भएको महिलालाई मन्दिरभित्र पस्न प्रतिबन्ध लगाइएको पाइन्छ । (एनएचआरसी, २०७५)

हाम्रो समस्त आर्य इतिहासहरूलाई हेर्दा मातृसत्ताको उल्लेख कहीँ पनि पाइँदैन । तर अलि पछि ब्राह्मणहरूले स्त्रीवर्गमाथि नै अङ्कुश लगाएको देखिन्छ । पूरा ऋग्वेददेखि लिएर ऐतरेय ब्राह्मण र उपनिषद्कालसम्म पूर्णरूपेण स्त्री-पुरुष दुवैको विद्या, व्यवहार, विवाह, संस्कार आदिमा समान अधिकार भएको पाउँछौँ । वैदिककालीन महिला समाज पढ्न, लेख्न मात्रै

होइन, अपितु राष्ट्रमा या समाजमा आपत्ति आएमा पुरुषहरूजस्तै महिलाह¿ पनि युद्धमा समेत जाने गरेको उल्लेख गरेको पाइन्छ । यस प्रकारले ऋग्वेदकालीन स्त्री समाज धार्मिक, आर्थिक, राजनीतिक युद्ध आदि सबै कार्यमा उन्नत थिए भन्ने कुरा बुझिन्छ । फलतः आर्य महिलाहरूले पुरुषहरूजस्तै पूर्ण सामाजिक अधिकार पाएका थिए । आधुनिक युगमा पनि भारतकी महारानी अहिल्याबाई, झाँसीकी लक्ष्मीबाई, नेपालकी गङ्गारानी आदिले शासन र सामाजिक अधिकार पूर्णरूपले प्राप्त गरेको कुरा उल्लेख भएको पाइन्छ । तसर्थ त्यो समयमा महिनावारी भएका महिलालाई गरिने विभेदजन्य व्यवहारहरूको कहीँ पनि उल्लेख भएको पाइँदैन (एनएचआरसी, २०७५) ।

छाउपडी प्रथालाई नेपालको पश्चिमी क्षेत्रमा एउटा कुरीतिको रूपमा लिएको छ । यो प्रथा महिलाहरूलाई परम्परागत रूपमा नै महिनावारीको समयमा ४ देखि ५ दिनसम्म केही पनि छुन नदिई घरमा बस्न नदिई छाउगोठमा बस्न बाध्य पार्ने प्रथाको रूपमा परिभाषित गरिएको छ । महिलाहरूलाई राखिने गोठमा त्यहाँ प्रायः पर्याप्त र उपयुक्त खाना, हावा तथा घामको अभाव हुन्छ । त्यसैगरी सुरक्षाका विभिन्न अवयवहरूको अभावका कारण जङ्गली जनावरहरूको आक्रमण हुने र जबरर्जस्ती करणीजस्ता यौन हिंसाका सिकार हुने गरेको समेत पाइन्छ ।

छाउपडी प्रथाले महिलाहरूको मनोबललाई कमजोर बनाएको र प्रत्येक महिना कष्टदायी छाउगोठको बसाइले जीवन त्रासमय भएको देखिन्छ । महिलाहरूको सोझो मनस्थितिले धर्म र देवताका कारण छाउपडी चलन चलेको हो भन्ने बुझेका छन्, त्यसैले पहिले देवता थन्काइदेऊ अनि मात्र हामीलाई घरमा भित्र पस्न देऊ भन्ने भनाइ रहेको छ । साथै डाँडाकाँडा सबैतिर देवता छन्, देवताको प्रकोपबाट महिलाहरूलाई कसले बचाउने भनी प्रश्न गर्दछन् । प्रत्येक महिना ५/७ दिन महिलाहरूलाई घरबाट बाहिर मिल्क्याएसरह हुन्छ, मरे पनि बाँचे पनि कुनै सरोकार राखिँदैन । नेपालका धेरै महिलाहरू हालसम्म पनि छाउपडीलाई राज्यले गैरकानूनी घोषणा गरेको विषयमा जानकार छैनन् । त्यसैले यो विषयमा सूचना हाल प्रचलनमा रहेका सूचना सम्प्रेषणका माध्यमहरू जस्तैः टेलिभिजन, रेडियो, इन्टरनेट, टेलिफोन, एस.एम.एस., सामाजिक सञ्जालहरूको पहुँचमा नरहेका नागरिकलाई जागरुक गराउने प्रभावकारी संयन्त्रको विकास गर्नु जरुरी रहेको छ ।

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले जारी गरेको निर्देशिका, २०६४ बारे पनि उत्तरदाताले जानकारी नपाएको तथ्य सर्वेक्षणले देखाएको छ । सो तथ्यले छाउपडी प्रथाका सम्बन्धमा नेपाल सरकार र गैरसरकारी संस्थाहरूको प्रयासले छाउपडी प्रथाले प्रभावित महिला र बालिकाहरूलाई सकारात्मक प्रभाव पार्न नसकेको देखाएको छ । नेपाल सरकार र गैरसरकारी क्षेत्रबाट छाउपडी विरुद्ध अभियान चलाइएको र कतिपय जिल्लामा छाउपडी मुक्त गाविस घोषणा गर्नुका साथै केही सकारात्मक काम गरेको भनिए तापनि अहिलेसम्म धेरै महिला तथा बालिकाहरूले महिनावारी हुँदा कष्टकर र जोखिमयुक्त जीवन बाँच्नुका साथै ज्यानै गुमाउन समेत बाध्य भएको अवस्था देखाएको छ । धेरै महिलाहरू अझै पनि छाउपडी प्रथा गैरकानूनी हो भन्ने बारेमा जानकार छैनन् । महिला र बालिकाको महिनावारी र यससँग जोडिएका परम्परागत र रुढीग्रस्त कुराले महिला र बालिकाको पारिवारिक, सामाजिक र साँस्कृतिक रूपमा हुने हिंसा र विभेदको स्थिति चरम रूपमा रहेको देखाउँछ ।

राष्ट्रिय मर्यादित महिनावारी नीति, २०७४ को मस्यौदामा रजस्वला हुँदाको समयमा कुनै न कुनै किसिमको अमर्यादित र असुरक्षित जीवन गुजार्न बाध्य भएको तथ्य उल्लेखित छ । सन् १९९८ मा किशोर किशोरी स्वास्थ्य रणनीति बनेको भए तापनि महिनावारीसँग सम्बन्धित विषयमा खासै गहन रूपमा चर्चा भएको पाइँदैन । विद्यालय क्षेत्र विकास योजना (२०१६-२०२३) मा स्वास्थ्य र पोषण शीर्षकअन्तर्गत गोपनीयता, महिनावारी र सरसफाइ सुनिश्चित गरको भए तापनि महिनावारी सम्बन्धी विषयलाई विशेष किसिमले सम्बोधन गरेको देखिँदैन । उक्त योजनामा महिनावारी विषयलाई चर्चा गरेको त छ तर महिनावारीसँग जोडिएको हैरानी, त्रास, चिन्ता, उत्पीडन, हिंसाजन्य विषयलाई भने सम्बोधन गरेको पाइँदैन (एनएचआरसी, २०७५) ।

छाउपडी प्रथाको विषयलाई राजनीतिज्ञ, विज्ञ र केही हदसम्म मिडिया पनि त्यति उठाउन चाहँदैनन् । बरु यस विषयलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मिडियाले बढी नै उचालेर आफ्नो क्षेत्रको बदनाम गरिरहेको उनीहरूको बुझाइ छ । यतिसम्म कि प्रतिनिधिसभाको निर्वाचनमा उम्मेदवार बनेका एक केन्द्रीय नेताले भने, "के तपाईंहरूले सुदूरपश्चिमलाई हेपेको हो ? कहाँ छैन यो प्रथा ?" सदरमुकामतिर भेटिएका पढेलेखेका प्राध्यापकहरूको एउटै जवाफ हुने गर्छ- 'छाउपडी प्रथा हाल निकै न्युन भइसकेको छ । खालि यसलाई गैसरकारी संघ-संस्थाहरू र अन्तर्राष्ट्रिय मिडियाले कमाइखाने माध्यम बनाएका हुन् ।' अनि राजनीतिक

दलहरूले पनि यसलाई त्यति प्राथमिकतामा राखेको पाइएन । त्यसविरुद्ध आवाज उठाउनका लागि मत माग्नुपर्ने नेताले पनि आँटै गर्न सक्दैनन् । यो अन्धविश्वासलाई अन्त्य गर्न आग्रह गर्ने उम्मेदवारले उल्टो भोट घट्ने जोखिम देखेको हुन्छ । त्यसैगरी छाउपडी विरुद्ध उम्मेदवार बोल्न डराउँछन् भन्ने समाचार छापामा राम्रै गरी देखा परेका छन् । पुरुष उम्मेदवार महिला उम्मेदवारभन्दा बढी छाउपडी प्रथाविरुद्ध बोल्ने मामलामा अमुक रहेको खबरहरू प्रकाशमा आएका छन् (एनएचआरसी, २०७५) ।

महिला तथा किशोरीहरू महिनावारी (छाउपडी) भएको समयमा उनीहरूलाई घरदेखि टाढा अलग्गै बसोवास गराइन्छ । छाउपडी बस्ने ठाउँलाई छाउगोठ वा छाउखुल्लो भनिन्छ । प्रायः छाउगोठ वा छाउखुल्लो गोठभन्दा पनि जीर्ण, साँघुरो, अँध्यारो, ओसिलो र असुरक्षित हुन्छ किनकि यो अस्थायी प्रकृतिको र घरबाट टाढा बनाइएको हुन्छ । जङ्गली तथा पाल्तु जनावर, सर्प, किरा सहजै भित्र छिर्न सक्ने हुन्छन् । त्यसैले छाउपडी महिलाहरू सर्पदंशबाट अकालमा ज्यान गुमाइरहेका छन् । कोही दीर्घ रोगी बनिरहेका छन् । छाउगोठभित्र निसास्सिएर गला घोटेर प्राण पखेरु त्यागिरहेका छन् । बलात्कृत भइरहेका छन् । उनीहरूले सम्मानपूर्वक बाँच्न पाउने हक विपरीत आफूजस्तै बलात्कृत हुनुपरेको अवस्थालाई टुलुटुलु हेर्नुपरेको छ । यस्तो अवस्थामा छाउगोठ भत्काइँदैछन्, तर वर्षौंदेखि छाउपडी प्रथा जस्ताको त्यस्तै छ, अटल छ । यहाँ छाउगोठको भौतिक आधारहरू माथि आक्रमण गरिँदैछ जसले गर्दा छाउपडी अझै दर्दनाक, अमानवीय, अकल्पनीय पीडा बेहोर्दैछिन् किनकि उनी अब छाउगोठको सहाराबाट खुला आकाशको भरोसामा बाच्नुपर्ने अवस्था निम्तिएको छ । छाउपडी कुप्रथा भनिँदैन तर यसलाई फौजदारी अपराध दर्ज गरिन्छ । देशी तथा विदेशी मूलधारका पत्रपत्रिकाले यसलाई हिन्दू धर्म जनित कुप्रथाका रूपमा चित्रण गरेका छन् । यहाँ छाउपडी कुप्रथालाई प्रथा मान्नेको ठूलो झुण्ड छ, जुन झुण्ड सामाजिक निर्णयमा निर्णायक भूमिका लिन्छ । उनीहरू छाउपडी प्रथाका धेरै सकारात्मक पक्ष भएको देख्छन् । त्यसो हो भने सकारात्मक पक्षहरूको निक्र्यौल गरी नकारात्मक पक्षहरूको उन्मूलन गर्न किन आवश्यक कदम चालिँदैन ? यदि यो हरहालत र हरतरहले कुप्रथा हो भने पनि यसलाई सबैको मानसपटलमा त्यही कुरा सञ्चारित गर्न किन सकिएको छैन ? यससँग सम्बन्धित सकारात्मक पक्ष तथा नकारात्मक पक्षहरूको चिरफार किन गरिँदैन (सिंह, माघ २०७६) ?

महिनावारीलाई विश्वभरका विभिन्न संस्कृतिहरूमा फरक-फरक रूपमा व्यवहार गरिन्छ, जसमा केही महिलाहरू महिनावारीमा हुँदा विशेष गतिविधिहरूमा प्रतिबन्ध लगाइन्छ । यदि

तपाईं महिनावारी भएको हुनुहुन्छ छ र भारतमा बस्नुहुन्छ भने, उदाहरणका लागि, तपाईंलाई भान्साकोठामा प्रवेश गर्न वा खाना पकाउन अनुमति छैन । तान्जानियाका मानिसहरू सोच्छन् कि तपाईंले प्रयोग गरेको महिनावारीको कपडा अर्को व्यक्तिलाई हेर्न दिनुले तपाईंलाई सराप दिन्छ । बङ्गलादेशमा महिनावारी सम्बन्धी लोकप्रिय मान्यताका आधारमा धेरै कानुनहरू छन् । उदाहरणका लागि, तपाईंलाई बाँझो बनाउने खराब आत्माहरूको आक्रमणबाट बच्नका लागि महिनावारीको समयमा तपाईंलाई घर छोड्न अनुमति छैन । घानाको ग्रामीण क्षेत्रमा महिनावारी अछुत र फोहोरसँग मात्र सम्बन्धित छैन कि महिनावारी भएकी महिलालाई पुरुष घरमा छ भने घरभित्र पस्न समेत दिइँदैन । तर अविकसित देशहरूमा धेरै मानिसहरूले आफ्नो महिनावारी व्यवस्थापनमा मद्दत गर्न महिनावारी उत्पादनहरूमा पहुँचको अभाव छ । केन्यामा भएको एक अनुसन्धान अनुसार, त्यस क्षेत्रका किशोरीहरूले महिनावारीकै कारण आफ्नो विद्यालयमा वर्षको लगभग २० प्रतिशत पढाइ छुटाएका हुन्छन् (किन्डारा, २०२०) ।

नेपालमा महिनावारी सम्बन्धी प्रचलनमा उपलब्ध धेरैजसो अनुसन्धान 'छाउपडी' प्रथा केन्द्रित छन् । तथापि, यस प्रथा र परम्परालाई कडाइका साथ पालना नगरिएका क्षेत्र र समुदायहरूमा समेत महिनावारी निषेधले नेपालमा महिलाको दैनिक जीवनलाई असर गरिरहेको छ । महिनावारीका बेला नेपाली महिलाहरू प्रायः अनुष्ठानको सिकार हुन्छन्, तर व्यवहारिक अपेक्षाहरू परिवर्तन गर्ने उद्देश्यले कार्यक्रमहरू कार्यान्वयन गर्न उनीहरूका विचारको मूल्याङ्कन गरिनुपर्छ । केही अध्ययनहरूले मात्र नेपालमा विद्यमान महिनावारी चलन र प्रतिबन्धहरूमा किशोरकिशोरी र महिलाहरूका विचारलाई हेरेका छन् (मुखर्जी, २०२०) ।

मुख्यतया हिन्दू धर्मावलम्बीहरू बस्ने सुदूरपश्चिमका र कर्णाली क्षेत्रका महिला तथा किशोरीहरूले सामाजिक-सांस्कृतिक आस्थाले घेरिएको हुनाले 'छाउपडी' प्रथाको परम्परालाई व्यापक रूपमा पालना गर्ने गरेका छन् । उनीहरूले सामाजिक मूल्य, मान्यता र परम्परालाई विषय रूपमा लिएका छन् । 'छाउपडी' प्रथाले शारीरिक र मनोवैज्ञानिक हिंसालाई बढावा दिएको छ । यो सामाजिक, राजनीतिक र आर्थिक गतिविधिमा महिला तथा बालिकाको क्षमता र आत्मविश्वास निर्माणमा बाधक बनेको छ । 'छाउपडी' प्रथाको प्रचलनले नियमित क्रियाकलापमा रोक लगाएको छ भने किशोरी तथा महिलाहरूको निर्माण गर्ने क्षमतामा समेत ठूलो प्रभाव पारेको छ ।

## २.३ नीगितगत समीक्षा

“प्रत्येक मानवलाई उत्कृष्ट स्वास्थ्य सेवा, सुरक्षा, पोषण, आवास, घर र प्रमुख सामाजिक सेवाहरू सहितको मानव जीवनको अधिकार छ” भनेर मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा २५ मा उल्लेख छ । “महिला र किशोरीहरूको मानवअधिकार सबै मानव अधिकार र मौलिक स्वतन्त्रताको एक अविभाज्य, अभिन्न अङ्ग र समान भाग हो,” बेइजिङ घोषणापत्र र कार्यका लागि प्लेटफर्म महिला अधिकार सम्बन्धी विश्व सम्मेलनमा घोषणा गरिएको छ । यस्तै, भियना सम्झौता र कार्य कार्यक्रममा उल्लेख गरिएको छ, “महिला अधिकार र केही परम्परागत वा प्रचलित व्यवहार, सांस्कृतिक भेदभाव र धार्मिक अतिवादको हानिकारक प्रभावहरू बीच हुन सक्ने कुनै पनि द्वन्द्वको उन्मूलन हो ।” किनभने ‘छाउपडी’ को परम्पराले प्रभाव पारेको छ । मानव र प्रजनन उमेर समूहका सदस्यहरूको रूपमा महिला अधिकारहरूमा यसले यी सबै अन्तर्राष्ट्रिय कानून र घोषणाहरू कसरी उल्लङ्घन गर्छ भनेर हेर्न सजिलो छ ।

नेपालको संविधान, २०७२ को धारा ३६ ले महिलाको मौलिक हक र अधिकारलाई दफा अन्तर्गत राखेको छ । सामाजिक-सांस्कृतिक, धार्मिक प्रथाको रूपमा महिलालाई शारीरिक, मानसिक, यौन, मनोवैज्ञानिक रूपमा शोषण हुनु हुँदैन । यदि समाजमा कसैले त्यस्तो गतिविधि गरेमा त्यो दण्डनीय हुनेछ । नेपालको संविधानमा यस्तो प्रावधान उल्लेख भए पनि विभिन्न कारणले महिलाहरू हिंसाको सिकार बन्न बाध्य छन् । सर्वोच्च अदालतले ‘छाउपडी’ हटाउनका लागि कानूनको मस्यौदा बनाउन नेपाल सरकारलाई सिफारिस गरेको थियो । महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले सन् २०६५ मा ‘छाउपडी’ प्रथा अन्त्य गर्न निर्देशन दिएको थियो (कडारिया, २०१५) ।

नेपालको सर्वोच्च अदालतले २०६२ मा ‘छाउपडी’ लाई मौलिक, मानव र महिला अधिकारको हनन् गर्ने विभेदकारी प्रचलन भन्दै प्रतिबन्ध लगाएको थियो । तर, नेपालको सुदूरपश्चिम क्षेत्रमा ‘छाउपडी’ को निरन्तरता कायमै छ । जसका जरा निकै गहिरो रूपमा गाँसिएको हुनाले यो प्रथा हटाउन अभियान र कानुनभन्दा बढी आवश्यक पर्ने देखाउँछ । स्थानीय महिला विकास कार्यालयसँगको व्यक्तिगत छलफलको आधारमा, संयुक्त राष्ट्र संघको फिल्ड बुलेटिनले सुदूरपश्चिम नेपालको अछाम क्षेत्रका ९५ प्रतिशतभन्दा बढी महिला र किशोरीहरूले महिनावारी बार्ने गरेको वा ‘छाउपडी’ प्रथा मान्ने गरेको देखाएको थियो (अमात्य, २०१८) ।

फौजदारी (संहिता) ऐन २०७४) मा 'छाउपडी'लाई अपराधको रूपमा लिइएको छ । फौजदारी (संहिता) ऐन २०७४ को दफा १६८, (३) (४), (५) मा 'छाउपडी प्रथा' सम्बन्धी अपराधमा दोषी ठहर भएका व्यक्तिलाई तीन महिना कैद र रु. ३ हजार जरिवाना हुने उल्लेख गरिएको छ । मुलुकी अपराध (संहिता) ऐन २०७४ मा रजस्वला सुत्केरी भएकी महिलालाई छाउगोठमा राख्न नपाइने उल्लेख गरिएको छ । संहिताले छाउगोठमा राख्नुलाई मात्र नभई रजस्वला हुँदा छुवाछुत गर्नुलाई पनि फौजदारी अपराध मानेको छ । जुन मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १६८ को उपदफा ३ मा उल्लेख छ । महिलाको रजस्वला वा सुत्केरीको अवस्थामा छाउपडीमा राख्नु वा त्यस्तै अन्य कुनै किसिमको भेदभाव छुवाछुत वा अमानवीय व्यवहार गर्नु गराउनु हुँदैन । उपदफा ४ मा अब रजस्वला भएका महिलालाई छाउगोठमा राख्ने र छुवाछुत गर्नेलाई तीन महिना कैद र तीन हजार सम्म जरिवाना वा दुवै पनि हुन सक्छ ।


उपदफा ५ अनुसार महिनावारी भएका वा सुत्केरी महिलालाई छाउगोठमा पठाउने कार्यलाई मुलुकी अपराध ऐन २०७४ ले महिनावारी लाई फौजदारी अपराध घोषणा गरेको छ । र यस्ता गतिविधिमा संलग्न हुने व्यक्तिलाई तीन महिना कैद वा ३ हजार जरिवाना र मुद्दा हेरेर दुवै सजाय हुन सक्छ (मैनाली, २०७६) ।

महिलाले पनि पुरुषजस्तै समान मानव अधिकार र आधारभूत अधिकारहरू पाउन सक्नुपर्छ । सरकारले अन्तर्राष्ट्रिय मानव अधिकार उपकरणहरूद्वारा महिलाको मानवअधिकारलाई कानूनद्वारा सुरक्षित गरिएको भए पनि महिला अधिकारलाई हानि गर्ने असमानता, अन्याय र नीतिहरूलाई कम गर्नका लागि कदम चाल्न बाध्य छन् । महिलाहरूलाई अन्तर्राष्ट्रिय मानवअधिकार कानूनभित्र केही अतिरिक्त अधिकारहरू जस्तैः महिला स्वास्थ्य सेवाको अनुमति दिन सकिन्छ । संयुक्त राष्ट्र संघ र क्षेत्रीय मानव अधिकार प्रणालीहरूमा महिलाहरूको विशिष्ट स्थान र सुरक्षा छ किनभने तिनीहरू विशेष गरी कमजोर वर्ग हुन् । अन्तर्राष्ट्रिय मानव अधिकार उपकरणहरूले लैङ्गिक पूर्वाग्रहलाई प्रतिबन्धित गर्दछ र सरकारहरूलाई सबै क्षेत्रहरूमा किशोरी र महिलामा सम्पत्तिको स्वामित्व र हिंसाबाट सुरक्षाका लागि गुणस्तरिय शिक्षा र राजनीतिक सहभागितामा समान पहुँच, अधिकारको सम्मान गर्न बाध्य पार्छ (डब्लुएचआर, २०२१) ।

नेपाल सरकारले 'छाउपडी' प्रथालाई कानुनी रूपमा प्रतिबन्ध लगाएको छ । अक्सिजनको अभावमा 'छाउपडी गोठ' या झुपडीमा धेरै महिलाको ज्यान जाने, सर्पको टोकाइ, जङ्गली जनावरको आक्रमणबाट ज्यान गुमाएकाले यसलाई कुप्रथा भनिएको छ । सर्वोच्च अदालतले २०६२ सालमा 'छाउपडी' कुप्रथा भन्दै महिनावारी बार्नुलाई फौजदारी अपराध भनी नजिर बनाएको छ । र, यस्ता गतिविधिमा संलग्न हुनेलाई तीन महिना कैद वा ३ हजार जरिवाना र मुद्दा हेरेर दुवै सजाय हुन सक्छ । यद्यपि, बलियो नीति र नियमहरू भए पनि नेपाली महिलाहरूले यो प्रथालाई व्यापक रूपमा पालना गरेका छन् । 'छाउपडी' प्रथा मान्न परिवार, समाजले बाध्य पारेका छन् । अज्ञानता, अन्धविश्वास, सांस्कृतिक मान्यता, गरिबी र क्षेत्रगत दुर्गमताजस्ता कारणले गर्दा उनीहरू यो चलनबाट पछि हट्न सकेका छैनन् ।

## २.४ अवधारणात्मक ढाँचा

अवधारणात्मक ढाँचा भन्नाले अध्ययन गर्ने अनुसन्धानको नक्सा हो । जसले अनुसन्धान गर्न मार्ग चित्रण गर्दछ । अवधारणात्मक ढाँचाले कुनै अध्ययनको महत्वपूर्ण पक्षहरू तथा तिनीहरू बिचको अन्तरसम्बन्धको व्याख्या गर्दछ । यो ढाँचाले 'छाउपडी प्रथा' को वर्तमान अवस्था र किशोरी तथा महिलाहरू एवं समाजका अनुभवहरूलाई आकार दिने महत्वपूर्ण पक्षहरूको वर्णन गरिएको छ । अध्ययनको विषय नै छाउपडी प्रथासम्बन्धी वर्तमान अवस्था पत्ता लगाउने भएकाले यस अध्ययनको अनुसन्धानमा व्याख्यात्मक र अन्वेषणात्मक ढाँचाको प्रयोग गरिएको छ । किनभने अध्ययनको उद्देश्यअनुसार तथ्याङ्क र जानकारी प्राप्त गर्न यो ढाँचाले सहज बनाएको छ । जसअनुसार छनोट क्षेत्रको वर्तमान अवस्था पत्ता लगाउनुका साथै त्यस क्षेत्रका महिला तथा किशोरीहरूका अनुभूति र मनोभावनालाई उजागर तथा विश्लेषण गर्न अन्वेषणात्मक पद्धति अबलम्बन गरिएको छ । यस अध्ययनको रूपरेखा तल दिइएको छ :




चित्र नं. १ अवधारणात्मक ढाँचा

आधुनिक युगमा 'छाउपडी' प्रथा दुई धारमा देखिएको छ। केही हद्सम्म सोचमा परिवर्तन र केही पुरानै अवस्थामा छाउपडी प्रथा रहेको छ। समाजको वर्तमान परिदृश्यमा 'छाउपडी' प्रथालाई नीतिले गैरकानूनी भन्छ। तर सामाजिक-सांस्कृतिक कार्यक्रम, काम गर्ने ठाउँ, समाजमा भने असमानता छ। जसलाई व्याख्यात्मक र अन्वेषणत्मक दृष्टिकोणबाट विश्लेषण गर्न आवश्यक छ। अध्ययन क्षेत्रमा छाउपडी प्रथाको वर्तमान अवस्था, सामाजिक तथा धार्मिक कारणले त्यस क्षेत्रका महिला तथा किशोरीहरूको अनुभव सहित उनिहरूले खानपान, बसोबास र दैनिक क्रियाकलाप कसरी गरिरहेका छन् भन्ने विषयमा उनिहरूको धारणालाई उजागर गरिएको छ भने छाउपडी प्रथा प्रति समाजको दृष्टिकोण समेत समावेश गरिएको छ।

# अध्याय तीन : अनुसन्धान पद्धति

## ३.१ अध्ययन क्षेत्रको छनोट र औचित्य

कुनै पनि विषयको अध्ययन र अनुसन्धानका लागि तथ्याङ्क र स्रोत आवश्यक हुन्छ । त्यसका लागि निश्चित क्षेत्रको छनोट आवश्यक हुन्छ । तसर्थ यस अध्ययनका लागि सुदुरपश्चिम प्रदेश अन्तर्गत पर्ने अछाम जिल्लाको सदरमुकाम समेत रहेको मङ्गलसैन नगरपालिका वडा नं. ३ लाच्छिमना टोललाई छनौट गरिएको छ । किनभने अध्ययनको उद्देश्यअनुसार सूचना र जानकारी यसै क्षेत्रबाट सजिलै प्राप्त गर्न सकिन्छ । साथै अध्ययन क्षेत्रको भाषा, रहनसहन, धर्म-संस्कृतिका बारेमा राम्रो ज्ञान छ । यस्तै मेरो समय र स्रोतले सहजता पर्ने र उत्तरदाताहरूलाई भेट्न समेत सकिने भएकाले यो क्षेत्र छनोट गरिएको हो ।

## ३.२ अनुसन्धान ढाँचा

यस अध्ययनमा अनसुन्धानको ढाँचा भनेको व्याख्यात्मक तथा अन्वेषणात्मक प्रकृति रहेको छ । जसमा अध्ययनको पहिलो उद्देश्यअनुसार छाउपडी प्रथाको वर्तमान अवस्था पत्ता लगाउनुलाई व्याख्यात्मक ढाँचा प्रयोग गरी विश्लेषणात्मक तालिका तयार गरेर त्यस क्षेत्रमा छाउपडी प्रथाको वर्तमान अवस्थाको वस्तुस्थितिलाई व्याख्या/विश्लेषण गरिएको छ । दोस्रो उद्देश्यअनुसार त्यस क्षेत्रका महिला तथा किशोरीहरूका छाउपडी प्रथाका विषयमा भोगाइ तथा अनुभवलाई उजागर गरिएको छ । तेस्रो उद्देश्यअनुसार समाजमा छाउपडी प्रथाका विषयमा कस्तो धारणा छ भन्ने कुरालाई अन्वेषणात्मक अनुसन्धान ढाँचा प्रयोग गरेर वर्णन गरिएको छ ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोतहरू

यस अध्ययनमा दुई प्रकारका तथ्याङ्कहरू समावेश गरिएका छन् । जसमा प्राथमिक तथ्याङ्कहरू मुख्य स्रोत हुन् । अध्ययनको आवश्यकतानुसार प्राथमिक र द्वितीय स्रोतका माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको छ । यस अध्ययनको उद्देश्य छाउपडी प्रथाको वर्तमान अवस्था, प्रथासम्बन्धी अनुभूति तथा धारणा पत्ता लगाउनु रहेकाले यो अध्ययन गुणात्मक प्रकृतिको रहेको छ ।

## ३.४ समग्रता र नमुना छनोट

यस अध्ययनका लागि मङ्गलसैन नगरपालिका वडा नं. ३ लाच्छिमना टोललाई छनोट गरिएको छ । अध्ययन क्षेत्रमा १० वर्षमाथिका जम्मा ४०० महिलाहरू रहेका थिए । जसमध्ये १० देखि १९ वर्षसम्मका १८० जना २० देखि ४९ वर्षसम्मका १३० जना र ५० वर्ष वा सोभन्दा माथि उमेर समूहका ९० जना रहेका थिए । नमुना छनोट गर्दा सम्भावनायुक्त विधि अन्तर्गतको असमानुपातिक स्तरीकृत नमुना छनोट विधि प्रयोग गरी १० देखि १९ वर्ष उमेर समूहबाट ९ जना, २० देखि ४९ वर्ष उमेर समूहबाट १९ जना र ५० वर्ष र सो भन्दा माथिको उमेर समूहबाट २ जना गरी जम्मा ३० जना महिला छनोट गरिएको थियो । जसमध्ये १० देखि १९ वर्ष उमेर समूहका किशोरीमा ५ जना क्षेत्री, ३ जना दलित र १ जना जनजाति रहेका छन् । यस्तै २० देखि ४९ वर्ष उमेर समूहमा ११ जना क्षेत्री, ६ जना दलित र २ जना जनजाति रहेका छन् भने ५० वर्ष वा सो भन्दा माथि उमेर समूहका महिलाहरूमा २ जना क्षेत्री रहेका छन् ।

## ३.५ तथ्याङ्कको सङ्कलन पद्धति र उपकरण

यस अध्ययनमा तथ्याङ्क सङ्कलनका लागि निम्न विधिहरू अवलम्बन गरिएको छ :

### ३.५.१ अन्तर्वार्ता

यो अध्ययन गुणात्मक अनुसन्धानमा आधारित रहने भएकाले अन्तर्वार्ताको आधारमा सूचनाहरू सङ्कलन नै एक महत्वपूर्ण पक्ष हो । अन्तर्वार्ताका लागि आवश्यक पर्ने प्रश्नावली समेत अध्ययन क्षेत्र जानुपूर्व नै प्रपोजल (प्रस्तावना) तयार गर्ने क्रममै बनाइएको थियो । ३ वटा अनुसूची अन्तर्गत नमुना छनोटमा परेका ३० जनामध्ये १० जनालाई प्रत्यक्ष रूपमा एक्लाएक्लै भेटेर उनीहरूको समय-परिस्थिति र स्थानमा गहन अन्तर्वार्ता गरी उनीहरूको अनुभव, छाउपडीसम्बन्धी धारणा र अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्क सङ्कलन गरिएको छ । अन्तर्वार्ताका लागि म २ दिनभर अध्ययन क्षेत्र लाच्छिमना टोलमा गएको थिए । सबैभन्दा पहिले मैले आफ्नो परिचयका साथसाथै अध्ययनको उद्देश्यको बारेमा त्यस क्षेत्रका महिला तथा किशोरीहरूलाई जानकारी गराएको थिएँ । अध्ययन क्षेत्र मेरो चिनजानकै ठाउँ परेका कारण उनिहरूसँग घुलमिल हुन र सम्बन्ध स्थापित गर्न तथा

अन्तर्वार्ता गर्न मलाई त्यति अप्ठेरो भएन । उनीहरूको अन्तर्वार्तालाई मैले आफ्नो मोबाइलमा रेर्कड गर्ने अनुमति समेत पाएपछि रेर्कड गरेको आवाज र नोट गरेको कुराका आधारमा लेख्न मलाई थप सहज भयो ।

### ३.५.२ समूहगत छलफल

अध्ययनको तथ्याङ्क सङ्कलन गर्ने क्रममा मैले अन्तर्वार्तासँगै त्यस क्षेत्रका किशोरी तथा महिलाहरूको छाउपडीका विषयमा सामूहिक धारणा, अनुभव कस्तो छ भन्ने कुरा जान्न र थप जानकारीका लागि समूहगत छलफल गरेको थिँए । जसका लागि मैले फरक फरक १०/१० जनालाई समेटेर २ वटा समूह निर्माण गरेको थिँए । एउटा समूहमा पाका उमेरका र वृद्ध महिलाहरू समावेश थिए भने अर्को समूहमा भर्खरै महिनावारी भएका, विद्यालय जाने उमेर समूहका किशोरी र पढे-लेखेका युवतीहरू समावेश थिए । जसमा व्यक्तिगत अन्तर्वार्ताका क्रममा नखुलेका केही कुराहरू समूहगत छलफलमा उनीहरूले बताएका थिए । समूहगत छलफलमा पाका महिला तथा वृद्धहरूले छाउपडी प्रथालाई कडाइका साथ लागु गरेका कुरा, आफ्नो जीवनकालमा महिनावारी भएको बेलाका अनुभव सुनाएका थिए । किशोरीहरूको समूहले बाध्यता, डर र केही परम्परागत धार्मिक मान्यताको कारण महिनावारी बार्नु परेको कुरा बताएका थिए ।

### ३.५.३ अवलोकन

अवलोकन भनेको खुल्ला आँखाको हेराइ र दृश्यबाट सूचना सङ्कलन गर्ने तरिका हो । यस माध्यमबाट पनि अध्ययनका लागि आवश्यक पर्ने सूचना ल्याइएको छ । सूचनाको वैधता र विश्वसनीयताका लागि मैले अन्तर्वार्ता र समूहगत छलफल गर्ने क्रममा उनीहरूको भनाइ, हाउभाउ, आँखाको चाल, भौतिक शैलीमा आएका कुरा अवलोकनका क्रममा मिल्छ कि मिल्दैन भनेर मैले यो पद्धति अपनाएको हुँ । यसका साथसाथै मैले भौतिक रूपमा त्यहाँको वस्तुस्थिति, छाउगोठ, घरमा बस्ने ठाउँ, कस्तो कार्य गर्छन् भन्ने कुरा पनि अवलोकन गरेँ । त्यस क्षेत्रका किशोरी तथा महिलाहरूले गर्ने कार्य, हिँड्ने र बोल्ने शैली, ठाउँ तथा हाउभाउ समेत अवलोकन गरेको थिएँ । अवलोकनका क्रममा महिनावारी भएका २ जना किशोरी तथा महिलाहरूले समेत के कस्तो कार्य गर्छन्, कहाँ जान्छन्, घर-परिवारसँग कस्तो सम्बन्ध छ, खानेबस्ने तरिका र कपडा लगायतका कुराबारे जानकारी सङ्कलन गरेको थिएँ ।

अवलोकनका लागि छनोट भएको क्षेत्रमा फरक-फरक दिन गरेर ४ दिन थिएँ । अवलोकनको क्रममा छाउपडी गोठ, घर, खानेपानीको धारा, नुहाउने धारा, दैनिक क्रियाकलापका बारेमा समेत जानकारी प्राप्त गरेको छु । अन्तर्वार्ता र समूहगत छलफलका क्रममा नआएका कुराहरू मैले अवलोकनको माध्यमबाट समेत प्राप्त गरेको छु ।

### ३.५.४ घटना अध्ययन

घटना अध्ययन (केस स्टडी) एउटा यस्तो प्रविधि हो, जसमा हामी कुनै पनि एकाइ (व्यक्ति, संस्था, समुदाय वा घटना) लाई समग्र रूपमा अध्ययन गर्न सक्छौं । यस अनुसन्धानमा विभिन्न ३ वटा घटनाहरू अध्ययन गरिएको छ । जसमा पहिलो घटना अध्ययन छाउपडी प्रथामा गरिने व्यवहार, क्रियाकलाप र सम्बन्धको बारेमा छ । दोस्रो घटना अध्ययन पहिलोपटकको महिनावारीदेखि हालसम्मको अनुभवसँग सम्बन्धित छ । तेस्रो चाहिँ घरपरिवारका कारण महिनावारी हुँदा भोग्नुपरेका समस्यासम्बन्धी घटना अध्ययन रहेको छ । एउटा घटना अध्ययनमा महिला छन् भने अर्को दुईवटामा विद्यालय र कलेज जाने उमेर समूहका किशोरीहरू छन् । छाउपडीसम्बन्धी अनुभव र हालको अवस्थालाई घटना अध्ययनका रूपमा प्रस्तुत गएिको छ । जसले फरक-फरक समयको महिनावारीको समय र पात्रलाई प्रतिनिधित्व गरेको छ । महिलाले आफ्नो सबै जीवनकाल छाउपडी गोठमा बिताएको अनुभव छ । जसमा छाउपडी गोठमा बस्नुपर्दाको समस्या र त्यस बेलाको अवस्थाका बारेमा जानकारी छ । अर्को, विद्यालय जाने महिनावारी हुने उमेर समूहका किशोरीहरूको अनुभवलाई घटना अध्ययनका रूपमा समावेश गरिएको छ ।

## ३.६ तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण विधि

### ३.६.१ कथन विश्लेषण

यो अध्ययन गुणात्मक भएको कारण यसमा कथन तथा बहस विश्लेषणको आधारमा सूचना तथा तथ्याङ्कलाई विश्लेषण गरिएको छ । कथन विश्लेषणमा अन्तर्वार्ता, समूहगत छलफल र अवलोकन गरेका कुराहरूलाई समय सन्दर्भ र उनीहरूको भनाइको आधारमा विश्लेषण गरिएको छ । यस विधिमा त्यस क्षेत्रको छाउपडी प्रथाका सम्बन्धमा वर्तमान अवस्था, महिला तथा किशोरीहरूको अनुभव, धारणा र समाजको दृष्टिकोणसम्बन्धी विषयवस्तुको गुणात्मक तथ्याङ्कको विश्लेषणमा आधारित रहेको छ । प्राप्त भएका तथ्याङ्कमध्ये पहिलो

उद्देश्यलाई मात्रात्मक सूचनाका आधारमा तालिकामा प्रस्तुत गरी व्याख्या/विश्लेषण गरिएको छ भने दोस्रो र तेस्रो उद्देश्यलाई बहस तथा कथनका आधारमा व्याख्या/विश्लेषण गरिएको छ । सङ्ख्यात्मक तथ्याङ्कलाई सरल भाषामा तालिकामार्फत प्रस्तुत गरिएको छ । अन्य विषयवस्तुलाई उद्देश्यको सहयोगमा विषयवस्तु र उप-विषयहरू बनाई वस्तुगत आधारमा सङ्कलन गरिएको तथ्याङ्कको सहयोगमा व्याख्यात्मक विश्लेषण गरिएको छ । यसमा पनि पहिलो उद्देश्यअनुसार छाउपडी प्रथाको वर्तमान अवस्थामा उत्तरदाताको परिचयात्मक विवरणअनुसार जस्तैः उमेर, धर्म, पेशा, शिक्षा आदिलाई तालिकामार्फत समेत प्रस्तुतीकरण गरिएको छ । त्यसपछि, त्यस क्षेत्रका किशोरी तथा महिलाहरूको आत्म-अवधारणा, अनुभव, तिनीहरूप्रति समाजको धारणा, जीवनशैली, क्रियाकलाप र घरपरवारसँगको सम्बन्धका बारेमा विश्लेषण गरिएको छ । यस्तै शैक्षिक स्थिति, जात, उमेर, धर्म, पेशा, वर्गअनुसार नै किशोरी तथा महिला र समाजको धारणसमेत यस शोधकार्यमा विश्लेषणका साथै उल्लेखित कुराहरूलाई समाजशास्त्रीय दृष्टिकोणबाट समेत वर्णन गरिएको छ ।

# अध्याय चार : तथ्याङ्कको प्रस्तुतीकरण, व्याख्या तथा विश्लेषण

## ४.१ अध्ययन क्षेत्रको परिचय

### ४.१.१ अछाम जिल्लाको परिचय

अछाम जिल्लाको आफ्नै किसिमको ऐतिहासिक पृष्ठभूमि छ । अछामी राजाको मूलथलो बड्डी (बुढो) अछाम अर्थात् हाल सेरा गाविसको क्वालेख भन्ने ठाउँमा थियो । त्यसपछि बान्नीगढी, पुनः क्वालेख र मङ्गलसैनमा राज्य सरेको पाइन्छ । राणाकालीन अवस्थामा अछाम राज्य डोटी राज्यमा गाभिन गई खाद्यान्न आपूर्तिको केन्द्रको रूपमा रह्यो । पछि अछामको कैलासखोला पश्चिमको भू-भाग डोटी र पूर्वको भू-भाग दैलेख जिल्लामा गाभिन गएको पाइन्छ । वि.सं. २०१४/०१५ सालतिर यहाँका जनताहरूद्वारा तत्कालीन राजा महेन्द्र समक्ष छुट्टै जिल्ला घोषणा गरियोस् भनि बिन्तिपत्र चढाए बमोजिम राजाबाट माल बुझिदिनु भन्ने हुकुम भयो । तत्पश्चात २०१८ साल वैशाख १ गते अछाम नेपालको मानचित्रमा एउटा छुट्टै जिल्लाको रूपमा 'अछाम' अस्तित्वमा आएको पाइन्छ (जि.स.स, अछाम, २०८०) ।

भौगोलिक हिसाबले सुदूरपश्चिम क्षेत्रको पहाडी जिल्लामध्ये सबैभन्दा ठूलो जिल्लाको रूपमा अछाम जिल्ला रहेको छ । ८१.०२ डिग्रीदेखि ८१.३५ डिग्री पुर्वी देशान्तर तथा २८.४५ डिग्री देखि २९.३३ डिग्री उत्तरी अक्षांश सम्म फैलिएको यस जिल्लामा २ वटा निवार्चन क्षेत्र, ४ वटा नगारपालिका र ६ वटा गाउँपालिकाहरू रहेका छन् । यस जिल्लाको पूर्वमा दैलेख, पश्चिममा डोटी, उत्तरमा कालिकोट र बाजुरा तथा दक्षिणमा सुर्खेत जिल्ला अवस्थित छन् । १६९२ वर्ग कि.मि. क्षेत्रफल रहेको यस जिल्लाको सदरमुकाम मङ्गलसैन १३२६ मिटर उचाइमा रहेको छ । साँफेबगर, कमलबजार, विनायक, मङ्गलसैन आदि यहाँका प्रमुख व्यापारिक केन्द्रहरू हुन् । खप्तड, विनायक, रामारोशन, बैजनाथ आदि प्रमुख प्रर्यटकीय गन्तव्यहरू हुन् (जि.प्र.का, अछाम २०८०) ।

### ४.१.२ मङ्गलसैन नगरपालिकाको परिचय

२०१७ सालमा तत्कालीन राजा महेन्द्रको निरंकुश शासन लागु भएपछि २०१८ सालमा नौबिस ग्राम पञ्चायत हुँदै २०१९ सालमा मङ्गलसैन गाउँ पञ्चायतको नामबाट यसको नामाकरण भएको पाइन्छ । यस्तै, २०२२ सालको भूमिसुधारपश्चात बजारको दुईतिरको सैन

समथर जग्गा हालको जिविस रहेको वरिपरि र मालिका विकास बैंक अगाडि रहेको जग्गा र मङ्गला देवीको मन्दिरलाई जोडी मङ्गलसैन नामाकरण भएको पाइन्छ । २०७१ साल वैशाख २५ गते मङ्गलसैन नगरपालिका घोषणा गरेपश्चात २०७१ साल जेष्ठ ४ गते विधिवत रूपमा स्थापना गरिएको हो । मङ्गलसैन नगरपालिकामा १४ वडाहरू रहेका छन् । वडा नं. ५ मा नगरपालिकाको केन्द्र पर्छ, जुन अछाम जिल्लाको सदरमुकाम समेत हो । अध्ययन गरिएको क्षेत्र समेत सदमुकामसँग जोडिएको वडा हो (मनपा, २०२०) ।

राष्ट्रिय जनगणना २०७८ अनुसार मङ्गलसैन नगरपालिकाको कुल जनसङ्ख्या २६,२५७ (छब्बीस हजार दुई सय सन्ताउन्न) रहेको छ । जसमध्ये पुरुषको जनसङ्ख्या ११,७८२ (एघार हजार सात सय बयासी) र महिलाको जनसङ्ख्या १४,४७५ (चौध हजार चार सय पचहत्तर) रहेको छ । वडा नं. ३ मा १ हजार ५ सय २७ महिला र १ हजार ३ सय पुरुष गरी २ हजार ८ सय २७ जनसङ्ख्या रहको छ । अध्ययन क्षेत्र लाच्छिमना टोलमा ३ सय पुरुष र ४ सय महिला रहेका छन् ।

यो अध्ययन अछाम जिल्लाको मङ्गलसैन नगरपालिका वडा नं. ३ लाच्छिमनामा छाउपडी प्रथाको वर्तमान अवस्थासम्बन्धी विभिन्न ३० जना किशोरी तथा महिलाहरूको धारणा, अनुभव र बुझाइको गुणात्मक विश्लेषणमा आधारित छ । यस अध्ययनले स्वयं व्यक्तिको अनुभव, सामाजिक मूल्य-मान्यता, पारिवारिक नियम वा दबाब र धार्मिक तथा सांस्कृतिक सीमा आदि जस्ता सामाजिक-सांस्कृतिक कारणहरू र अध्ययनको छनोटमा सहभागी किशोरी तथा महिलाहरूको जनसांख्यिकीय विशेषताहरू वर्णन गरिएको छ । यसमा उत्तरदाताको उमेर, जात, धर्म, शिक्षा, पेशाको स्थिति पृष्ठभूमि समावेश रहेको छ ।

## ४.२ छाउपडी प्रथाको वर्तमान अवस्था

### ४.२.१ उत्तरदाताको परिचयात्मक विवरण

उत्तरदाताको परिचयात्मक विवरणअन्तर्गत अछाम जिल्लाको मङ्गलसैन नगरपालिका वडा नं. ३ लाच्छिमना टोलका ३० जना महिला तथा किशोरीहरू उत्तरदाताका लागि छनोट गरिएको छ । छाउपडी प्रथाको वर्तमान अवस्थासम्बन्धी अध्ययनको यो उद्देश्य पूरा गर्न १२ वर्षदेखि ७० वर्ष उमेर समूहका महिला तथा किशोरीहरू छनोट गरिएको छ । यस अध्ययनमा संलग्न उत्तरदाताहरूको परिचयात्मक विवरणले पनि छाउपडी प्रथाको वर्तमान

अवस्था बुझ्नका लागि सहयोग पुऱ्याउने भएकाले उक्त विवरण यसरी तालिकामार्फत प्रस्तुत गरिएको छ :

**तालिका नं. १ : उत्तरदाताहरूको परिचयात्मक विवरण**

| क्र.स. | विवरण | जात | उमेर | शिक्षा | पेशा | वर्ग |
|---|---|---|---|---|---|---|
| १ | सरा भण्डारी | क्षेत्री | ३३ | स्नातक | शिक्षिका | मध्यम |
| २ | सरिता बोगटी | क्षेत्री | ३० | स्नातक | स्वास्थ्यकर्मी | मध्यम |
| ३ | भजन बोगटी | क्षेत्री | ३१ | पिसिएल | स्वास्थ्यकर्मी | मध्यम |
| ४ | भोजकला बोगटी | क्षेत्री | २८ | पिसिएल | स्वास्थ्यकर्मी | मध्यम |
| ५ | बसुन्धरा बोगटी | क्षेत्री | ३९ | १० कक्षा | व्यवसाय | मध्यम |
| ६ | सानु भण्डारी | क्षेत्री | ३१ | माध्यमिक | व्यवसाय | धनी |
| ७ | पवि तामाङ | जनजाति | ३६ | माध्यमिक | व्यवसाय | धनी |
| ८ | सर नेपाली | क्षेत्री | २४ | ७ कक्षा पढेर छोडेको | पशुपालन | गरिब |
| ९ | रेबु आउजी | दलित | २१ | साक्षर | पशुपालन | गरिब |
| १० | निशु आउजी | दलित | १८ | साक्षर | पशुपालन | गरिब |
| ११ | निल बोगटी | क्षेत्री | ३० | साक्षर | कृषि | गरिब |
| १२ | कलु बोगटी | क्षेत्री | ४० | निरक्षर | कृषि | गरिब |
| १३ | कला बोगटी | क्षेत्री | ७० | निरक्षर | कृषि | गरिब |
| १४ | लालीसरा बोगटी | क्षेत्री | ३५ | साक्षर | कृषि | गरिब |
| १५ | कजु आउजी | दलित | ४१ | निरक्षर | कृषि | गरिब |
| १६ | सरुकला आउजी | दलित | ४२ | निरक्षर | कृषि | गरिब |
| १७ | धर्मिनी आउजी | दलित | ३० | निरक्षर | कृषि | गरिब |
| १८ | बेलकला भण्डारी | ब्राह्मण | ५५ | निरक्षर | कृषि | गरिब |
| १९ | आरु बोगटी | क्षेत्री | १५ | ९ | अध्ययन | मध्यम |
| २० | अजु बोगटी | क्षेत्री | १४ | ९ | अध्ययन | मध्यम |
| २१ | शाई बोगटी | क्षेत्री | २३ | स्नातक | अध्ययन | मध्यम |
| २२ | कुसु नेपाली | क्षेत्री | १८ | १२ | अध्ययन | मध्यम |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २३ | उन्नु बोगटी | क्षेत्री | १६ | ११ | अध्ययन | मध्यम |
| २४ | पुज्जे बोगटी | क्षेत्री | १८ | ११ | अध्ययन | मध्यम |
| २५ | उषे बोगटी | क्षेत्री | १८ | १२ | अध्ययन | मध्यम |
| २६ | सदि बोगटी | क्षेत्री | २० | १२ | अध्ययन | मध्यम |
| २७ | कमल बोगटी | क्षेत्री | १८ | ११ | अध्ययन | मध्यम |
| २८ | नुसा नगार्जी | दलित | २० | ११ | अध्ययन | मध्यम |
| २९ | एलिन तामाङ | जनजाति | २० | ११ | अध्ययन | मध्यम |
| ३० | सलिन तामाङ | जनजाति | १६ | ९ | अध्ययन | मध्यम |

उपर्युक्त तालिका अनुसार मैले अध्ययन गर्ने क्षेत्रमा सहभागी ३० जना उत्तरदाता सबै हिन्दू धर्मप्रति आस्था राख्ने किशोरी तथा महिलाहरू रहेका छन् । सहभागी उत्तरदाताको नाम परिवर्तित रहेको छ । सहभागीहरूमध्ये सबैभन्दा बढी २० जना क्षेत्री, ६ जना दलित, ३ जना जनजाति र १ जना ब्राह्मण जातका किशोरी तथा महिलाहरू रहेका छन् । छाउपडी प्रथाको वर्तमान अवस्थासम्बन्धी अध्ययनका सहभागी ३० जनामध्ये धेरैजसो युवा अवस्थाका किशोरीहरू रहेका छन् । १० देखि १९ वर्ष उमेर समुका ९ जना, २० देखि २९ वर्ष उमेर समूहका ७ जना, ३० देखि ३९ वर्ष उमेर समूहका ९ जना, ४० देखि ४९ वर्ष उमेर समूहका ३ जना, ४९ देखि माथिको उमेर समूहका २ जना रहेका छन् । जसमध्ये १३ जना माध्यमिक तहका पढ्ने किशोरी, ३ जना स्नातक तहका युवती, ४ जना निम्न माध्यमिक तहका किशोरी, ४ जना साक्षर र ६ जना निरक्षर रहेका छन् । उनीहरूको आर्थिक अवस्था हेर्दा  धेरैजसो मध्यम र गरिब वर्गका रहेका छन् । १७ जना मध्यम वर्गका, ११ जना गरिब र २ जना धनी परिवारका महिला तथा किशोरी रहेका छन् । सहभागी उत्तरदाताको पेशालाई हेर्दा अधिकांश अध्ययन पेशमा संलग्न रहेका छन् । ३० जनामध्ये १२ जना विद्यार्थी, ८ जना कृषि पेशामा, ३ जना पशुपालन, ३ जना व्यवसाय, ३ जना स्वास्थ्यकर्मी र १ जना शिक्षण पेशमा संलग्न रहेका छन् ।

## ४.२.२ छाउपडी प्रथामा गरिने क्रियाकलाप, व्यवहार र सम्बन्ध

### क्रियाकलाप :

छाउपडी प्रथाको वर्तमान अवस्थासम्बन्धी अध्ययनको यस उद्देश्य पूरा गर्न सहभागी ३० जना उत्तरदाताहरूमध्ये १४ जना किशोरी तथा महिलाहरू महिनावारी भएको बेलामा अलग छाउपडी गोठमा र १६ जना घरको अलग कोठमा बस्ने गरेको पाइयो । गोठमा बस्ने अधिकांश प्रौढ महिलाहरू रहेका छन् । त्यसमा पनि दलित, गरिब तथा धामी-पुजारीको घरपरिवारका महिलाहरू बढी छाउपडी गोठमा बस्ने गरेको पाइयो । गैरदलित समुदायका मध्यम तथा धनी वर्गका किशोरी तथा युवतीहरू भने घरको अलग कोठमा बस्ने गरेको पाइयो । छाउपडी गोठमा बस्ने किशोरी तथा महिलाहरूले लगाउने लुगा महिनावारीको समय सकिएपछि पनि सफा गरेर त्यो लुगा  सामान्य रूपमा प्रयोग गर्ने गरेको पाइयो । तर, महिनावारी भएको र नभएको बेला सुत्दा ओढ्ने-ओछ्याउने लुगा भने फरक रहेको पाइयो । घरमा बस्दा एउटा लुगाकपडा छ भने छाउपडी गोठमा बस्दा निश्चित लुगाहरू राखेको पनि पाइयो । गोठमा बस्ने किशोरी तथा महिलाहरूले घरबाहिरको काम मात्र गर्ने र विद्यालय जाने उमेर समूहका किशोरी विद्यायल समेत जाने गरेको पाइयो ।

घरको अलग कोठमा बस्ने किशोरी तथा महिलाहरूले भने महिनावारी हुँदा वा नहुँदा पनि ओढ्ने-ओछ्याउने तथा लगाउने लुगा कपडा एउटै प्रयोग गर्ने गरेको पाइयो । यस्तै घरको अलग कोठमा बस्ने महिनावारीले विद्यालय जाने, घरबाहिरको काम र घरभित्रका अन्य काम समेत गर्ने तर भान्साकोठामा मात्र नजाने गरेको पाइयो । तर घरको अलग कोठामा बसे भने पनि उनीहरू र छाउपडी गोठमा बस्ने किशोरी तथा महिलाहरूबीच धार्मिक तथा सांस्कृतिक परम्परामा भने समानता छ । उनीहरू सबैले महिनावारी भएको बेला मठ-मन्दिर नजाने, पूजाआजा नगर्ने, खानेपानीको धारा नछुने, दूध-दही नखाने, धामी-झाँक्री तथा पुजारीलाई नछुने गरेको पाइयो । यसै सन्दर्भमा एक घटना यस प्रकार रहेको छ :

*मङ्गलसैन नगरपालिका वडा नं. ३ लाच्छिमनाकी नुशा नगार्जी (नाम परिवर्तन) उमेरले २० वर्षकी भइन् । उनी जिल्लाको सदरमुकाममा रहेको षोडशा मा.वि.मा कक्षा ११ मा अध्ययन गर्छिन् । उनलाई महिनावारी हुन थालेको ७ वर्ष भयो । पहिलोपटक महिनावारी हुँदादेखि नै छाउपडी गोठमा बस्न थालेकी निशा महिनावारी हुँदा ७ वर्षदेखि निरन्तर छाउपडी गोठमै बस्छिन् । उनको भनाइ यस्तो छ :*

*"घरमा बाज्या धामी छन् । मलाई घर बस्ने मन हुँदा पनि डरले गोठमै बस्दो छु । म छाउ भएका बेला बस्ने गोठ साँघुरो छ । झ्याल पनि छैन, बत्ती पनि छैन । एकदमै अप्ठेरो छ । अँध्यारो गोठ भएका कारण मलाई बिहान-बेलुका लेखपढ गर्न पनि अप्ठेरो पर्छ । महिनावारी भएको बेला र नभएको बेला घरपरिवारले गर्ने व्यवहार पनि फरक छ । घरमा पालेको भैँसी, गाईले दूध दिन छोड्छ भनेर महिनावारी भएको बेला दूध-दही केही पनि दिदैनन् । तर अन्य ठाउँ, बजारबाट किनेर ल्याएको दूध-दही भने खान दिन्छन् । महिनावारी भएको बेला घरबाहिरको काम गर्छु र विद्यालय पनि जान्छु । विद्यालयमा सेनिटरी प्याड आफै मागेर लिन्छु । महिनावारी भएको बेला मन्दिर जाँदिनँ । नुहाउन र लुगा धुन एक घण्टा लगाएर खोलामा जानुपर्छ । कहिले त खोलामा पानी पनि हुँदैन । महिनावारी भएको बेला ५ दिन गोठमै बस्छु । ९ दिनपछि मात्र धामी हजुरबुवालाई छुन मिल्छ । महिनावारी भएको बेला शौचालय प्रयोग गर्न पाइँदैन । तर महिनावारी नभएको बेला पूजा गर्ने दूध-दही खाने, धामी बाजेलाई पानि दिने, शौचालय प्रयोग गर्ने, खानेपानीको धारा पनि प्रयोग गर्ने गरेकी छु ।"*

## व्यवहार :

मङ्गलसैन नगरपालिका वडा नं. ३ को लाच्छिमनामा धर्म-संस्कृति र जातका आधारमा महिनावारी भएका किशोरी तथा महिलाहरूमाथि गरिने व्यवहार पनि फरक रहेको पाइयो । दलित, पुजारी, धामी तथा ब्राह्मण र गरिब परिवारका किशोरी तथा महिलाहरूमाथि महिनावारी हुँदा अछुतको व्यवहार हुने गरेको पाइयो । महिनावारी भएका बेला उनीहरूबाट टाढा बस्ने, आफू नजिक आउन नदिने र उनीहरूले छोएको खानेकुरा नखाने, उनीहरूले प्रयोग गर्ने सामग्री प्रयोग नगर्ने गरको पाइयो । यस्तै महिनावारी भएका महिलाहरूलाई समाजले नकारात्मक दृष्टिकोणले हेर्ने गरेको पाइयो । उनीहरूलाई खानेपानीका धारा प्रयोग गर्न नदिने, मठ-मन्दिरको बाटो प्रयोग गर्न नदिने, पुरुष सदस्यहरूलाई छुन नदिनेजस्ता व्यवहार गरेको पाइयो । महिनावारी भएका महिला तथा किशोरीहरूले लुगा धुन र नुहाउन अलग्गै ठाउँ (एक घण्टाको बाटो भएको खोला तथा कुवा)मा पठाउने गरेको पाइयो । यसरी हेर्दा धर्म-संस्कृतिका कारण समेत एउटै गाँउमा महिला तथा किशोरीबीच फरक-फरक व्यवहार र असमानता व्याप्त रहेको पाइयो । महिनावारी भएका बेला पोषिलो खानेकुरा, दूध-दही समेत नदिने गरेको पाइयो । सानो घर भएका कारण छाउपडी गोठमा बस्नु

नपरोस् भनेर एक महिलाले १२ वर्षदेखि डिपो समेत लगाउने गरेको अनुभव सुनाइन् । यस्तो छ उनको अनुभव :

*लालीसरा बोगटी (नाम परिवर्तन) उमेरले ३५ वर्ष लागिन् । उनी मङ्गलसैन नगरपालिकाको वडा नं. ३ लाच्छिमना टोलमा बस्छिन् । पहिलो महिनावारी भएदेखि नै गोठमा बस्न थालेकी लालीसरा माइतमा भने घरको अलग कोठामा बस्छिन् । उनी बिहे गरेर आएदेखि नै महिनावारी हुँदा छाउपडी गोठमा बस्न सुरु गरिन् । छोराछोरी जन्मेपछि उनका श्रीमान् विदेश गए । घरमा आर्थिक अभावका कारण श्रीमान् विदेश गएको बताउने सराका छोराछोरी पनि बाहिर बस्छन् । उनी भने घरमा एक्दै बस्छिन् । महिनावारी भएको बेला बाहिर बस्नुपर्ने डरले उनी डिपो लगाउँछिन् ।*

*"मैले १२ वर्षदेखि डिपो लगाइरहेकी छु," सराले भनिन्, "छोरी कहिले घरमा आएपछि कर्कटपाताको सानो कोठा घरको छेउमै जोडेकी छु र महिनावारी हुँदा छोरी त्यही बस्छे । २ वर्षअघि सरकारले छाउगोठ भत्काएपछि आफूले कर्कटपाता जोडेर सानो कोठा बनाएको उनको भनाइ छ । धेरै घरमा फेरि छाउपडी गोठ बनाइसके तर मैले गोठ बनाएकी छैन । अहिले त धेरै महिलाहरू छाउपडी गोठमै बस्छन् । हामी हुँदासम्म मात्रै गोठ रहन्या हुन् । पछि सबैले घरमै बस्न्या चलन आइजान्या हो । महिनावारी भएको ५ दिन पूरा नभएसम्म पूजापाठ गर्ने ठाउँ, मन्दिर र धारा जाँदैनौँ । यस गाँउमा मुख्य समस्या भनेको छाउपडीलाई पानीको छ । लुगा धुन र नुहाउन एक घण्टा हिँडेर खोलामा जानुपर्छ तर पनि कहिलेकाहीँ खोलामा पानी सुक्छ । पानी पाइदैन ।"*

**सम्बन्ध :**

महिनावारी भएको बेला छाउपडी गोठमा बस्ने किशोरी र महिलाहरूको घरपरिवारसँगको सम्बन्ध राम्रो नभएको पाइयो । घरमा बस्ने मन हुँदाहुँदै पनि विभिन्न परम्पराका कुरा सुनाएर, डर देखाएर गोठ बस्नुपर्ने बाध्यता देखियो । बाध्यताका कारण किशोरी तथा महिलाहरू घरपरिवारसँग खुसी छैनन् । उनीहरूको हाउभाउ, लवाइखवाइ, बोल्ने शैली, खानेकुरा, प्रयोग गर्ने लुगाकपडा र भाँडा, छाउपडी गोठ आदि हेर्दा खुसी नभएको देखिन्थ्यो । महिनावारी भएकी एक किशोरीलाई छाउपडी गोठमा भएकै बेला भेट्दा उनले आफूले गोठमा बत्ती नभएका कारण स्कुलको गृहकार्य गर्न समेत नपाएको दुखेसो गरिन् । घरमा बस्न पाएको भए पढाइका साथै जीवनशैली पनि राम्रो हुने उनको आशय बुझिन्थ्यो ।

विभिन्न दुःखका साथ गोठमा बस्नुपरेको, एउटै लुगा-कपडा प्रयोग गर्नुपरेको, खानेकुरा पनि राम्रोसँग नपाएको, बस्न, सुत्न र सरसफाइ गर्न तथा पढ्न समेत असहज भएको उनको अनुभव छ । तर पहिला छाउपडी गोठमा बस्ने र अहिले घरको अलग कोठमा बस्ने किशोरीहरू भने केही हदसम्म खुसी भएको पाइयो । आफूले लगाउने लुगा, बस्ने ठाउँ, सुत्न-बस्न, पढ्न र सरसफाइ गर्न गोठमा बसेको भन्दा सजिलो भएको उनीहरूको अनुभव छ । उनीहरूका हाउभाउ, लवाइखवाइ हेर्दा समेत सजिलो भएको सहजै अनुमान समेत गर्न सकिन्थ्यो । उदाहरणका लागि यो केशलाई हेर्न सकिन्छ :

*"मेरो नाम शाई बोगटी हो (परिर्वतित नाम) । म २४ वर्षकी भएँ । म स्नातक तह दोस्रो वर्षमा अध्ययनरत छु । म महिनावारी हुन लागेको १० वर्ष भयो । म पहिलोपटक महिनावारी हुँदा छाउगोठमै बसेकी हुँ । पहिलोपटक महिनावारी भएर सानो छाउपडी गोठमा बस्नुपर्दा लुगा-कपडा, खान, सुत्न र अध्ययन गर्न निकै अप्ठेरो भएको थियो । घर-परिवारको कारण र आफूलाई पनि डर लागेका कारण म त्यो बेला गोठमा बसेँ । मेरो घरमा पाका उमेरका हजुरआमा र हजुरबुवा हुनुहन्छ । उहाँहरूले घरमा बस्नु हुँदैन, देवी-देउता रिसाउँछन्, घरमा बाघ-सर्प जस्ता जनावर लाग्छन्, अनिष्ट हुन्छ भनेर डर देखाए । र गाँउसमा समेत अधिकांश गोठमै बस्ने गरेका कारण म पनि गोठमै बसेँ । पुर्खाहरूले चलाएको रीतिरिवाज धार्मिक तथा सांस्कृतिक कारण पनि होला, घरका मान्छे गोठमै बस्नुपर्छ, घरमा आउन मिल्दैन भनेका थिए । । गोठमा एक्लै बस्दा झन् डर लागेको थियो र म रोएँ पनि । पहिलोपटक महिनावारी हुँदा म आश्चर्यचकित भएकी थिएँ । पछि बिस्तारै थाहा भयो, महिनावारीको बारेमा ।*

*दोस्रोपटक महिनावारी हुँदादेखि भने घरमा नै बस्न थालेकी छु । घरको अलग कोठा छ । महिनावारी हुँदा घरभन्दा बाहिरको काम गर्छु, कलेज जान्छु तर घरको भान्साकोठामा गएकी छैन । खाना पकाउने, भान्सा छुने, पानी छुने काम बाहेक अरु काम गर्छु । महिनावरी भएको बेला घरको भैँसीको दूध, दहीजस्ता खानेकुरा दिँदैनन् । भैँसीले दूध दिन छोड्छ भन्ने मान्यता छ । गाँउघरका पाका मान्छे महिनावारी भएकीलाई छुँदैनन् । पुजारी, धामी र पाका मान्छे त हामीलाई नजिक आउनुपहिले नै 'छाउ भयाकी छै कि नाइ ?' भनेर सोध्छन् । अधिकांश दिदी-बहिनीहरू घरको एक अलग कोठमा सुरक्षित बस्छन् । पहिलोको जस्तो सानो र झ्याल तथा बत्ती नभएका गोठहरू कमै छन् । प्रहरी प्रशासनले छाउपडी गोठ भत्काउने अभियान पनि चलायो । सबैका घरमा भएका छाउपडी गोठ भत्किएपछि घरको*

*अलग कोठामा बस्न लागेका छन् । गाँउका केही घरहरूमा फेरि छाउपडी गोठ पनि बनाएका छन् । तर महिनावारी भएको बेला अरु समस्या भने धेरै छ । जस्तोः शौचालय प्रयोग गर्न पाइँदैन । खानेपानीको धारा प्रयोग त टाढाको कुरा भयो, छुन समेत पाइँदैन । पूजापाठ गर्न र मन्दिर छुन पाइँदैन । यसमा आफूलाई आँट आउँदैन । महिनावारी भएको बेला नुहाउन र लुगा धुन एक घण्टा लगाएर खोलामा जानुपर्छ । पहिलेदेखि चलिआएको चलन भएका कारण होला, आफूलाई पनि नियम नमान्दा केही कुरा बिग्रने हो कि भनी डर लाग्छ ।"*

मुख्यतया पितृसत्तात्मक सोच, परम्परागत मान्यता, धर्म तथा संस्कृतिका कारण महिला तथा किशोरीहरू छाउपडी प्रथा मान्न बाध्य छन् । उनीहरूलाई समाज तथा घरपरिवारले समेत छाउपडी बार्न छोडेमा विभिन्न घटना हुने भनेर डर देखाएका कारण पनि यो प्रथालाई नकार्न सकिरहेका छैनन् । जसका कारण महिला तथा किशोरीहरूको दैनिक जीवनमा बाधा पुगेको छ । महिनावारी भएको बेला घरपरिवारले समेत अछुतको दृष्टकोणले हेर्ने हुँदा उनीहरूको एकआपसमा पारिवारिक सम्बन्धमा समेत नकारात्मक प्रभाव परेको देखिन्छ । जसका कारण घरपरिवार र महिनावारी हुने महिला तथा किशोरीहरूको बिचमा आपसी व्यवहारमा समेत परिवर्तन भएको पाइन्छ ।

छाउपडी प्रथा अझै कायम रहनु भनेको महिला तथा किशोरी माथि भएको विभेदपूर्ण व्यवहार हो । यो प्रथा (कुप्रथा) जुन धार्मिक मूल्य-मान्यता, रुढीवादी सामाजिक-सांस्कृतिक परम्परा, पितृसत्तात्मक सोच र अन्धविश्वासका नाममा समाजमा विद्यमान रहेको छ । यसका कारण महिलाले सामाजिक, आर्थिक, शैक्षिक, धार्मिक अवस्थाको साथै प्रजनन स्वास्थ्यमा नकारात्मक प्रभाव, यौनजन्य तथा सरुवा रोगको सिकार, बलात्कार तथा यौन हिंसाको सिकार, जङ्गली जनावरको टोकाइ तथा आक्रमण, भेदभाव वा सामाजिक तिरस्कारहरूको सामना गर्नुपरेको छ । ३० वर्षयताको पुस्ताको सोच परिवर्तनशील भए पनि घरपरिवार र समाजका कारण उनीहरू छाउपडी प्रथा कुनै न कुनैरूपले बार्न बाध्य छन् । पुरानो पुस्ताले त छाउपडी प्रथालाई धर्म र संस्कृतिसँग जोडेर कठोरताका साथ पालना गरिरहेको छ । नेपाल सरकारले २०६३ सालमै सर्वोच्च अदालतबाट छाउपडी प्रथालाई कुरीति वा कुप्रथा भनी घोषणा गरिसकेको भए पनि १७ वर्ष बितिसक्दा समेत व्यवहारमा परिवर्तन आएको पाइँदैन ।

## ४.३ छाउपडी प्रथाको अनुभूति

छाउपडी प्रथासम्बन्धी यस अध्ययनका लागि छनोटमा परेका ३० जना किशोरी तथा महिलाहरूका अनुभूतिलाई समेटिएको छ । जसमध्ये १० जनाको गहन अन्तर्वार्ता गरेर सूचना सङ्कलन गरिएको छ। छाउपडी प्रथाका बारेमा सोध्दा पाका उमेर समूहका २ जना महिलाहरूले यसलाई बार्नुपर्छ भन्नेमा धारणा राखे। परापूर्व कालदेखि चलिआएको चलनका रूपमा उनीहरूले यसलाई अँगालेको पाइयो। आफूहरू महिनावारी भएको बेला गोठमै बसेर बिताएको, नराम्रो केही नभएको अनुभव सुनाए । तर छाउपडी प्रथा नबारेमा भने घरपरिवारमा केही न केही अप्ठेरो हुने गरेको सम्झँदै उनीहरूले छाउपडी प्रथा मान्नु राम्रो रहेको तर्क गरे।

तर युवावस्थाका महिला तथा किशोरीहरू भने महिनावारी भनेको एक नियमित प्रक्रिया भएकाले सुरक्षित साथ सरसफाइ गरेर घरमा बसे केही नहुने धारणा राख्छन् । सुरुमा गोठमा बस्दा खान, बस्न, सुत्न, नुहाउन, पढ्न अप्ठेरो भएको र कतिपय बेला बाघ-भालु, सर्पजस्ता जङ्गली जनावर आउँछन् कि भन्ने डर पनि हुने गरेको उनीहरूको अनुभव छ। यस्तै गोठमा बस्दा कतै बलात्कारको पो सिकार हुनुपर्ने हो कि भन्ने उनीहरूको मनमा डर भइराख्ने पनि सुनाए । उनीहरूको मनमा महिनावारी भएको बेला घरकै अलग कोठामा सुरक्षित बस्न पाए हुन्थ्यो भन्ने छ। गोठमा बस्दा विभिन्न अप्ठेरो हुनुका साथै स्वास्थ्यमा समेत गम्भीर असर पर्ने गरेका कारण छाउपडी प्रथालाई अन्त्य गर्नुपर्छ भन्ने अधिकांश किशोरी तथा महिलाहरूको मत छ। जसमा छाउपडी प्रथाको बारेको अनुभूतिलाई निम्न अनुसारको उपभागमा विभाजित गरेर विश्लेषण गरिएको छ।

### ४.३.१ शिक्षित तथा अशिक्षित अनुसार

अध्ययन क्षेत्रमा छनोट भएका सहभागीहरूसँग अन्तर्वार्ता गर्दा शिक्षित र अशिक्षित अनुसार उनीहरूको अनुभव फरक-फरक भएको पाइयो । शिक्षित किशोरी तथा महिलाहरूसँग अन्तर्वार्ता गर्दा उनीहरूको अनुभवलाई  यसरी प्रस्तुत तथा विश्लेषण गरिएको छ :

*महिनावारीको पहिलो पालो हुँदा हामी पहिलोपटक ७ दिनसम्म गोठमा बसेका थियौँ । त्यो बेला डर लाग्थ्यो । बाघ आउँछ कि या सर्प आउँछ, निस्सासिएर मरिने पो हो कि भन्ने डर लाग्थ्यो । अहिले हामी घरको अलग कोठामा बस्न लागेको ५ वर्षजति भयो । घरको अलग कोठामा बस्न पाउँदा खुसी छौँ । घरको अलग कोठामा बस्दा गोठमा जस्तो डर लाग्दैन ।*

*आराम गर्न, लुगा-कपडा फेर्न, सरसफाइ गर्न सजिलो भएको छ । पुर्खाले पहिलेदेखि चलाएको चलनका कारण केही कुरा बार्नुपर्ने भए पनि आफूलाई सजिलो भएको छ । अलग कोठा भए पनि घरमै बस्न पाउँदा सुरक्षित महसुस भएको छ । लुगा-कपडा प्रयोग गर्न, अध्ययन गर्न, विद्यालय जान, सरसफाइ गर्न सजिलो भएको छ ।*

शिक्षित महिला तथा किशोरीहरूलाई महिनावारी एक नियमित प्रक्रिया हो भन्ने थाहा छ । यो बेला झन बढी सुरक्षित बस्ने, सरसफाइ गर्ने, आराम गर्नुपर्छ भन्ने छ । यसै सन्दर्भमा भोजकला बोगटीको अनुभव यस्तो छ :

*मेरो नाम भोजकला बोगटी (नाम परिवर्तन) । म उमेरले २८ वर्षकी भएँ । म स्नातक तहमा अध्ययन गर्छु । गाउँमा प्राय कमै मात्र आउँछु । बाहिर नै बस्ने गर्नाले मलाई महिनावारी भएको र नभएको बेला खासै फरक पर्दैन । घरमा बस्दा सजिलो छ । महिनावारी भएका बेला खान, बस्न र आफ्नो काम गर्न सजिलो भएको छ । अहिलेसम्म मलाई केही अप्ठेरो भएको छैन ।*

तर अशिक्षित महिलाहरूको अनुभव भने फरक छ । महिनावारी भएको बेला छाउपडी गोठमा बस्ने एक महिलाको अनुभव यस्तो छ :

*मेरो नाम धर्मिनी आउजी हो (नाम परिवर्तन) । म उमेरले ३० वर्षकी भएँ । मलाई लेख्न पढ्न आउँदैन । घरायसी काम खेतिपाती, गाईगोरु चराउने काम गर्छु । म महिनावारी भएको बेला छाउपडी गोठमै बस्छु । गोठमा बस्दा अप्ठेरो हुन्छ । साँघुरो गोठमा एउटै कपडा मात्र लगाउँदा जाडो पनि हुन्छ । सरसफाइ गर्न पनि पाइँदैन । घरमा बस्न पाएको भए भन्ने त लाग्छ तर देवी-देउता रिसाउँछन् भनेर पनि डर लाग्छ । गोठमा उज्यालो पनि हुँदैन । चिसो समयमा धेरै चिसो हुन्छ । सास फेर्न उकुसमुकुस हुन्छ । डर पनि लाग्छ । नुहाउन र लुगा धुन त एक घण्टा लगाएर खोलामा जानुपर्छ । साह्रै गाह्रो पर्छ ।*

अशिक्षा पनि समाज परिवर्तनको बाधक बनेको देखिन्छ । अशिक्षा र अज्ञानताले परम्परागत मान्यताहरू आत्मसात् गर्दै छाउपडी प्रथालाई बार्ने महिलाहरूको अनुभवले छाउ हुँदा गोठमै बस्नुपर्छ, घरपरिवारले भनेको मान्नुपर्छ, घरमा अनिष्ट हुन्छ, देवी-देवता रिसाउँछन् भन्ने डर छ । शिक्षित किशोरी तथा युवतीहरूलाई महिनावारी भनेको जैविक प्रक्रिया हो र यसलाई सामान्य रूपमा लिनुपर्छ भन्ने लाग्छ । घरमा बस्दा खान, बस्न, सुत्न सरसफाइ गर्न नियमित काम गर्न सहज हुने उनीहरूको अनुभव छ ।

### ४.३.२ जातअनुसार

गैरदलित किशोरी तथा महिलाहरू त्यसमा पनि शिक्षितले मात्रै महिनावारी प्रक्रियालाई नियिमित प्रक्रियाका रूपमा लिएको पाइयो । उनीहरूको अभुनव सुन्दा महिनावारी प्रक्रियालाई सहज रूपमा लिनुपर्छ भन्ने छ :

*मेरो नाम भजन बोगटी हो । म उमेरले ३१ वर्षकी भएँ । पेशाले म स्वास्थ्यकर्मी हुँ । महिनावारी हुँदा म घरमै बस्छु । महिनावारी एक प्राकृतिक प्रक्रिया हो । म सुरुका केही वर्ष थाहा नपाएर गोठमा बसेँ । त्यो बेलाको धेरै कुरा त याद छैन, नराम्रो पनि केही भएको थिएन । अहिले घरमै बस्छु । खान, बस्न, सुत्न, सजिलो छ । महिनावारी भएका बेला मेरो पेट दुख्छ । तर सजिलै अस्पताल नियमित काममा जान्छु । समस्या पर्दा मलाई उपचार गर्न पनि सजिलो छ । मेरो अनुभवले धर्म र सस्कृतिसँग जोडेर समाजले महिनावारी प्रक्रियालाई अछुत भनेर व्याख्या गरेको भए पनि मैले यसलाई एक जैविक स्वाभाविक प्रक्रियाका रूपमा बुझेकी छु ।*

तर गैर दलितमा पजि पाका उमेरका महिलाको अनुभवमा भने जात अनुसार पनि पुरानै परम्परागत सोचको छ । दलित जातका किशोरी तथा महिलाहरूको अनुभव सुन्दा उनीहरू ४ दिन महिनावारी बार्ने र पाँचौं दिनमा नुहाईधुवाई गरेर मात्र घर जाने गरेका छन् । महिनावारी हुँदा नुहाउन अप्ठेरो छ । खानेपानीका धारा छुन मिल्दैन । उनीहरूलाई १ घण्टा लगाएर खोला वा कुवामा जानुपर्छ । पहिलेदेखि चलिआएको चलन भएकाले उनीहरूको मनमा डर कायम छ ।

*मेरो नाम कुशु नेपाली हो (नाम परिवर्तन) । म १८ वर्षकी भएँ । १२ कक्षामा पढ्छु । महिनावारी भएको बेला छाउपडी गोठमा बस्छु । छाउपडी गोठ घरसँगै जोडिएको छ । महिनावारी नियमित प्रक्रिया हो भन्ने त थाहा छ, तर परिवारको कारण घरमा बस्न पाउँदिनँ । घरमा जान त मन लाग्छ तर घरमा बाजे धामी छन्, मनमा डर लाग्छ । घर गएपछि केही हुने हो कि जस्तो लाग्छ । गोठमा बस्न निको लाग्दैन । महिनावारी हुँदा घरको बाहिरको मात्र काम गर्छु । महिनावारी भएपछि छाउपडी गोठमा बस्दा पढाइ-लेखाइ गर्न समस्या छ । झ्याल छैन र बत्ती छैन । अँध्यारो हुन्छ । बस्न पनि अप्ठेरो छ । पुष-माघ*

*महिनामा साह्रै चिसो लाग्छ । अँध्यारो गोठमा एक्लै सुत्नुपर्दा मनमा अनेक कुराको डर पनि लाग्छ ।*

जनजातिका किशोरीहरुको अनभुव सुन्दा : *मेरो नाम पवि तामाङ हो । उमेरले म ३६ बर्ष भएँ । म पहिले देखि नै महिनावारी हुदाँ घरमा बस्छु । मलाई गोठमा बसेको अनुभव छैन् । अहिले सम्म घरमा बस्दा मलाई केही पनि भएको छैन् । मेरा छोरीहरु पनि महिनारी हुदाँ घरमै बस्छन् ।*

समाजमा जात र पारिवारिक स्थितिले समेत महिनावारी प्रक्रियालाई असहज बनाएको देखिन्छ । दलित घरपरिवारका महिला तथा किशोरीहरूले छाउपडी प्रथालाई घरको समस्याका कारण र आर्थिक स्थितिका कारण बार्ने गरेका छन् । उनीहरूलाई गोठमा बस्दा सहज नभएको र घरमा बसे झन् अप्ठेरो हुने अनुभव छ । गैरदलित जातका किशोरी तथा महिलाहरूले छाउपडी प्रथालाई नबार्ने सोच बनाए पनि मनमा डर लागिरहने अनुभव सुनाए । गोठमा बस्नु हुँदैन, घरमा अलगै कोठामा भए पनि बस्नुपर्छ, त्यसरी बढी सुरक्षित भइन्छ भन्ने सोच उनीहरूमा छ । तर, घर-परिवारका कारण व्यवहारमा भने लागु गर्न नसकिएको उनीहरूको अनुभव छ । केही किशोरीहरूले भने महिनावारी प्रक्रियालाई नबारेर व्यवहारमै समेत लागु गरेको पाइन्छ । उनीहरूको अनुभवमा घरको छुट्टै कोठामा बस्दा समाजले भन्ने गरेको जस्ता नराम्रा घटना वा बेथिति केही नभएको अनुभव छ ।

### ४.३.३ उमेर अनुसार (युवा तथा वृद्ध)

परापूर्व कालदेखि घरपरिवार र समाजले छाउपडी प्रथालाई बार्ने चलनका कारण आफूहरूले बार्दै आएको पाको उमेरमा महिलाहरूले बताए । पहिले ७ दिन छाउपडी गोठमा बस्ने गरेको र अहिले ५ दिन बस्ने गरेको उनीहरूको अनुभव छ । छाउ हुनु भनेको अशुद्ध हुनु हो, यो बेला घरमा बसेमा बाघ लाग्छ, सर्प आउँछन् भन्ने उनीहरूलाई लाग्छ । सरकारले एकपटक छाउपडी गोठ भत्काएपछि उनीहरू बाध्य भएर घरको अलग कोठमा बस्दा घरमा सर्प आएको, धामीलाई देउता लागेको, घरका सबै मान्छे बिरामी भएको र त्यसैले छाउ हुँदा गोठमै बस्नुपर्छ भन्ने ७० वर्षकी एक महिलाले सुनाइन् । उनको अनुभव यस्तो छ :

*"मेरो नाम कलावती बोगटी हो । म ७० वर्षकी भएँ हुँला । हामी त छाउ हुन लाग्यादेखि नै गोठमा बसेर जीवन बितायौँ । अब त छाउ पन रोक्याका २० वर्ष बढी भइसक्या छ । हाम्रा पालामा सबै महिला दिदी-बहिनी छाउ भएका बेला एकै गोठमा बस्दा छियौँ । घर बस्नुपर्छ*

*भन्या त त्यो बेला सोच पनि कसैको छियोन । हामीले एकसरा कपडामा ७ दिन छाउगोठमा बिताएका थियौँ । दुःख त छियो । उज्यालो हुँदैन । एकसरा कपडामा पुष-माघ त चिसो पनि धेरै हुँदो छियो । नुहाई-धुवाई गर्न पनि एक घण्टा टाढाको बाटो हिँडेर जानु पढ्ढो छियो । सुक्खा खाना खाई दिन काट्यौँ । केही लसपस भया पनि त्यो बेला देवी-देउता रिसाउना छिया । घरमा अफल हुँदो छियो । गाईभैँसी दूध दिन छाड्डा छिया । अहिले चलन फेरियाको छ । कोई घरका अलग कोठामा बस्दा छन् । कोई गोठै बस्दा छन् । तर मु त ७ दिनसम्म छाउपडीका हड लाग्दैन । छाउपडीले छोयाको केही खाँदैन पनि । छाउपडीले छोया मलाई सञ्चो हुँदैन । मानेको चलन मान्नुपर्छ ।"*

तर युवावस्थाका किशोरीहरूको अनुभव भने फरक छ । छाउपडी बार्न मन छैन, घरमै बस्न मन छ, सुरक्षित रूपले घरमा अलग कोठामा बसे केही हुँदैन भन्ने उनीहरू सुनाउँछन् । त्यसरी बस्दा अहिलेसम्म केही नराम्रो भएको पनि छैन । तर घरका मान्छे भने बुझ्दैनन्, उल्टै धम्की दिन्छन्, डर देखाउँछन्, देवी-देउता रिसाउने कुरा गर्छन् । ७ दिनसम्म पूजापाठ गर्न हुन्न, मन्दिर जान हुन्न र अलग्गै बस्नुपर्छ भन्ने गरेका मात्रै आफू पनि करकाप र डरमा परेर बार्न बाध्य भएको उनीहरूको अनुभव छ । हेरौँ :

*मेरो नाम पुजु बोगटी (नाम परिवर्तन) हो । म १८ वर्षकी भएँ । म ११ कक्षामा पढ्छु । महिनावारी भएको बेला म घरको अलग कोठामा बस्छु । गाँउका धेरैजसो मेरो उमेरका किशोरीहरू घरको अलग कोठामा नै बस्ने गरेका छौँ । घरको अलग कोठामा बसिरहेकाले होला मलाई महिनावारी भएको र नभएको बेला खासै फरक पर्दैन । लुगाकपडा म आफ्नो तरिकाले प्रयोग गर्छु । महिनावारी भएको बेला पनि नियमित कलेज जान्छु । घरको अलग कोठामा बस्दा पढ्न-लेख्न सहज हुन्छ । बत्ती पनि छ । फरक-फरक लुगा प्रयोग गर्न पाइएको छ । सरससफाइ गर्न पनि सजिलो छ । अहिलेसम्म मलाई केही अप्ठेरो भएको छैन र यसरी घरमै बस्दा घरमा नराम्रो केही भएको छैन ।*

उमेरअनुसार पनि समाजमा छाउपडीप्रति महिला तथा किशोरीहरूका फरक-फरक अनुभव छन् । उमेरले पनि छाउपडी प्रथालाई बढी प्रश्रय दिने गरेको पाइएको छ । घरमा कुनै न कुनै पाका उमेरका मान्छे हुने र उनीहरूलाई छाउपडी प्रथा नराम्रो नै हो, यसलाई बार्नुपर्छ भन्ने कुरा मनमा जरा गाडेर बसेको भेटियो । उनीहरूको सोचमा महिनावारी हुनु भनेको अशुद्ध हुनु हो, यो बेला अलग बस्नु नै पर्छ, घरमा बसे राम्रो हुँदैन, देवी-देउता रिसाउँछन्

भन्ने छ । आफूहरूले गोठमै बसेर दिन काटेको र नराम्रो पनि केही नभएको अनुभव छ । नयाँ पुस्ताका किशोरी तथा महिलाहरू भने छाउपडी प्रथाको अन्त्य चाहन्छन् । गोठमा बस्दा विभिन्न खालका घटना हुने, हिंसाको सिकार हुनसक्ने, ज्यान जानसक्ने, बस्न, खान, सरसफाइ गर्न अप्ठेरो हुने तथा शारीरिक र मानसिक रूपमा अस्वस्थ भइन्छ भन्ने छ ।

## ४.४ समाजको धारणा

नेपालमा महिनावारी प्रक्रियालाई विभिन्न ढङ्गले बार्ने गरे पनि सुदूरपश्चिम तथा कर्णाली प्रदेशमा छाउपडी प्रथाले जरा गाडेको छ । किशोरी तथा महिलाहरू महिनावारी हुँदा घरबाहिर गोठमा बस्नुपर्ने र अरूलाई नछोएर अलग्गै बस्नुपर्ने चलन नै छाउपडी प्रथा हो । छाउपडी प्रथा सुरुवातमा परम्परागत मूल्य-मान्यता, धर्म-संस्कृति र पछि आएर गरिबीसँग जोडिएको छ । महिनावारी (छाउ) भएकी महिला तथा किशोरीहरू घरमा बसे अनिष्ट हुने, घरमा आगलागी हुने, बाघभालु लाग्ने, देवी-देउता रिसाउने, अछुत र अशुद्ध हुने परम्परागत मान्यताका कारण महिनावारी भएको बेला छुट्टै अलग गोठ बस्नुपर्छ भन्ने पाका उमेर समूहका व्यक्तिहरूको धारणा छ । उनीहरूको सोच र व्यवहारमा समेत छाउपडी प्रथा बार्नु ठिक हो भन्ने छ । मङ्गलसैन नगरपालिका वडा नं. ३ लाच्छिमनाका पछिल्लो पुस्ताका किशोरी तथा महिलाहरूलाई सोच परिर्वतित छ भने व्यवहारमा भने परिवर्तन हुन सकेको छैन । छाउपडी प्रथा बार्नुहुन्न घरको छुट्टै अलग कोठामा बस्नुपर्छ भने पनि परम्परागत मान्यताका कुरालाई उनीहरूले पनि आत्मसात् गरेको पाइन्छ ।

नाम उल्लेख नगर्ने सर्तमा एक जना पुजारी घरकी महिलाको धारणा यस्तो छ :

*"म उमेरले ८५ वर्ष पुगे हुँला । छाउपडीलाई घरभित्र राख्न पाइँदै पाइँदैन । हाम्रो घर पहिलेदेखि नै देवी-देउता पुज्ने घर हो । अरु ठाउँको जस्तो नाइँ । छाईछुई भए पनि साप, बाघ लाग्दो छ । गोठमा बाखा पाठो केही रहँदैन । देउताकै लागि घर लाएका छौँ हामीले । त्यसमा मान्छे त छिरेका छैनौँ, मेरा त देउताका पुजारी मान्छे । छाउ भएका बेला गोठमै बस्छन् हाम्रा त । सरकारले जे गऱ्या पन हाम्रा लागि त गोठ जान पऱ्यो, बार्नु पऱ्यो । ७ दिन त टाडिनै पऱ्यो । दूध-दही खान दिन्या त धेरै परको कुणा भइग्यो, पानी लागेको त घरमा खाँदैनन् । ९ दिनसम्म तिनका (महिनावारका) हातको केही पनि खान हुँदैन । देउताका पानीका खाने धारामा त छाउपडीले जान मिलेन झन् । घरमा बसेपछि अनिष्ट हुन्छ । यो चलन हटाउनु हुँदैन ।"*

महिनावारी सम्बन्धी परिवर्तित धारणा भएकी एक युवती भनाइ यस्तो छ :

*“मेरो नाम सरिता बोगटी हो । म ३० वर्षकी भएँ । म पेशाले स्वास्थ्यकर्मी हो । महिनावारीलाई मैले एक नियमित प्रक्रियाका लिएकी छु । छाउपडी प्रथाको अन्त्य हुनपर्छ । सामाजिक, आर्थिक, राजनितिक रूपमा महिलालाई बलियो बनाउन यस्ता कुप्रथाहरूको अन्त्य हुन जरुरी छ । यस्ता प्रथा कायम रह्यो भने समाजमा परिवर्तन हुँदैन । महिलाहरू जहाँको त्यहीँ हुन्छन् । महिनावारी भएका बेला घरभन्दा टाढा एक्लै छाउगोठमा बस्दा खान बस्न, सरसफाइ गर्न, उज्यालोको समस्या हुन्छ । बलात्कार र दुर्व्यवहारको सिकार हुनुका साथै सर्पले टोकेर, निस्सासिएर तथा चिसोका कारण मृत्युसम्मका घटना हुँदै आएका छन् । मेरो कुरा गर्ने हो भने महिनावारी सुरु भएदेखि १ वर्षसम्म गाँउकै स्कुलमा पढ्ने बेला महिनावारी बारेकी छु । सानो उमेरमा त्यो बेला आफूलाई थाहा पनि भएन । त्यसपछि मैले महिनावारी भएको बेला पनि घरमै बस्छु । महिनावारीलाई स्वास्थ्यका दृष्टिकोणबाट हेर्दा एक नियमित चक्र हो । कुनै पनि नारी महिनावारी हुनु भनेको उनी बच्चा जन्माउनका लागि योग्य भइन् भन्ने हो । नियमित सरसफाइ, पोषिलो खानपान र स्वास्थ्यमा ख्याल गर्नुपर्ने समय हो । म त्यही प्रकारले गरिरहेकी हुन्छु र अरुलाई पनि भन्छु । केही हदसम्म छाउपडी प्रथामा परिवर्तन त आएको छ । पहिले गोठमा बसेर धेरै कुरामा बन्देज थियो भने अहिले घरमा बस्न पाएका छन् । अलग कोठा भए पनि खानेकुरा सरसफाइ गर्ने कुरामा सहज भएको छ । पहिले विद्यालय जान पनि रोक थियो भने अहिले छैन । तर समाजका कारण सबैले छाउपडी प्रथा बार्न छोडिसकेको अवस्था भने छैन । सोच र व्यवहार दुवैमा परिवर्तन हुन जरुरी छ ।”*

वर्तमान समयमा पनि हाम्रो समाजमा सामन्ती र पितृसत्तात्मक सोचले जरा गाडेर बसेको छ । छाउपडी प्रथाले समाजमा किशोरी र महिलालाई प्रत्यक्ष रूपमा असर गरे पनि उनीहरू आफैले व्यवहारमा आफैबाट परिवर्तन गर्न सक्ने निर्णय लिन सकिरहेका छैनन् । उनीहरूको क्रियाकलाप, व्यवहार, सम्बन्ध हेर्दा पनि देवी-देउताको डर मान्ने, परम्परागत कुरालाई आत्मसात् गर्ने र मनमा डर राख्ने भएकाले यो प्रथा हट्न सकिरहेको छैन । ४ वर्षपहिले स्थानीय सरकार र प्रहरी प्रशासन मिलेर छाउपडी गोठहरू भत्काइए पनि त्यो व्यवहारमा लागु हुन सकेको छैन । जसले गर्दा छाउपडी प्रथालाई लिएर समाजमा फरक-फरक धारणा रहेको पाइयो । एकथरी धारणा परिवर्तन गर्नुपर्छ, अब सुधार गर्नुपर्छ भन्ने छ । जस्तो कि युवाहरूको सोचमा छाउपडी प्रथालाई बार्नु हुँदैन, सुरक्षित रूपमा घरको एक अलग कोठामा

भए पनि बस्न दिनुपर्छ भन्ने धारणा छ । अर्कोतर्फ पाका उमेरका मानिसको सोचमा पहिले देखि चलिआएको चलन भएकाले यसलाई कायमै राख्नुपर्छ भन्ने छ । महिनावारी (छाउपडी) भनेको अछुत नै हो, यसले घरपरिवारमा राम्रो गर्दैन, अनिष्ट हुन्छ, विभिन्न प्रकारका समस्याको सामना गर्नुपर्छ त्यसकारण महिनावारी भएका किशोरी तथा महिलाहरूले गोठमै बस्नुपर्छ भन्ने धारणा छ । अर्काथरी, जो महिनवारी बार्नु राम्रो होइन, यसले महिलाहरूको मानसिक, शारीरिक, स्वास्थ्यमा असर गर्छ भन्ने सोच राख्छन् तर उनीहरूको व्यवहारमा भने परिवर्तन आउन सकेको छैन । छाउपडी महिला तथा किशोरीलाई घरमा राखे समाजमा विभिन्न किसिमका अप्ठेरो अवस्थाको सृजना हुनसक्छ भन्ने डर पाका उमेरका नागरिकसँग छ । तर पछिल्लो युवा पुस्ता भने महिनावारी एक नियमित प्रक्रिया भएकाले सरसफाइका साथ घरमा बसे यसले कुनै पनि असर गर्दैन् भन्नेमा छ । फलस्वरूप पछिल्लो समय किशोरी, महिला तथा समाजका नागरिकहरूका धारणा भने परिर्वतित रूपमा आउन थालेका छन् । घरको एक कोठामा सुरक्षित रूपमा बस्न दिने, खान दिने तर भान्छा प्रवेश र देवी देउता हुने ठाउँमा जान नदिने गरी सुधारोन्मुख रूपमा अघि बढेको समेत पाइन्छ । जसले गर्दा महिला तथा किशोरीहरूको शारीरिक तथा मानसिक स्वास्थ्यको अवस्था केही सुधार भएको पनि पाइन्छ ।

# अध्याय पाँच : सारांश र निष्कर्ष

## ५.१ सारांश

महिनावारीको समयमा महिलामाथि गरिने विभेद एक प्रकारले सामाजिक र सांस्कृतिक हिंसा हो । समाजमा प्रचलित धार्मिक तथा सांस्कृतिक परम्पराले किशोरी तथा महिलाहरूमा हुने मासिक महिनावारी प्रक्रिया रक्तस्रावलाई अछुतका रूपमा अर्थ्याएको पाइन्छ । समाजमा समाजले निर्माण गरेको नियमलाई समाजको सदस्यका रूपमा महिलाहरूले उल्लङ्घन गर्न नसकेर छाउपडी प्रथाको विभेद भोग्न बाध्य छन् ।

छाउपडी प्रथाको वर्तमान अवस्थासम्बन्धी शीर्षकको यो अध्ययन अछाम जिल्लाको मङ्गलसैन नगरपालिका वडा नं. ३ लाच्छिमनामा केन्द्रित छ । यस अध्ययनमा त्यस क्षेत्रको छाउपडी प्रथाको वर्तमान अवस्था उजागर गर्नुका साथै, महिनावारी सम्बन्धी किशोरी तथा महिलाहरूका अनुभूति, भोगाइ र समाजको धारणा प्रस्तुत गरिएको छ । यो अध्ययन प्राथमिक तथ्याङ्कमा आधारित छ । नमुना छनोट गर्दा सम्भावनायुक्त विधि अन्तर्गतको असमानुपातिक स्तरीकृत नमुना छनोट विधि प्रयोग गरी जम्मा ३० जना महिला छनोट गरिएको थियो । तथ्याङ्क सङ्कलनका रूपमा प्रयोग गरिएका उपकरणहरू अन्तर्वार्ता, सामूहिक छलफल र अवलोकन हुन् । तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी साधारण सांख्यिकीय उपकरण (प्रतिशत) निकालेर व्याख्या/विश्लेषण गरिएको छ ।

अछाम जिल्लाको मङ्गलसैन नगरपालिका वडा नं. ३ मा खासगरी हिन्दू धर्मावलम्बीहरूको बसोबास रहेको छ । उनीहरूले 'छाउपडी' प्रथालाई व्यवहारमा प्रयोग गरेको पाइन्छ । यस अध्ययनमा ११ देखि ७० वर्ष उमेरका किशोरी तथा महिलाहरूमध्येबाट नमुनाका रूपमा छनोट भएका ३० जना किशोरी तथा महिलाहरू सहभागी छन् ।  छनोटमा सहभागी क्षेत्री, ब्राह्मण र दलित समुदायका किशोरी तथा महिलाहरूले नै छाउपडी प्रथालाई पछ्याउने गरेको पाइन्छ । निरक्षरदेखि साक्षर सबै महिलाले कुनै न कुनै रूपले छाउपडी प्रथालाई बार्ने गरेका छन् ।

महिनावारीको समयमा देवी-देउता रिसाउने सर्प, बाघभालु लाग्ने भन्दै अझै पनि अधिकांश महिलाहरू छाउपडी गोठमा बस्छन् । उनीहरू बस्ने गोठ झ्यालबिनाको चिसो, अँध्यारो र साँघुरो हुन्छ । कतिपय किशोरी तथा महिलाहरू घरको अलग कोठामा बस्छन् । महिनावारीको समयमा उनीहरू खाना पकाउने, घरको अन्य कोठा जाने, पूजा गर्ने, धारा

छुने र शौचालय प्रयोग गर्नेजस्ता कुराबाट भने वञ्चित छन् । एक घण्टा लगाएर घरबाट टाढा खोला वा कुवामा गएर नुहाउनुपर्छ । तर विद्यालय जान र नियमित काम गर्न भने उनीहरूलाई छुट छ ।

वर्तमान समयमा पनि हाम्रो समाजमा रुढीवादी तथा परम्परागत सोचले जरा गाडेर बसेको छ । जसका कारण परम्परागत सोच, सामाजिक, धार्मिक मान्यताका कारण छाउपडी प्रथा अहिले पनि कायम छ । पछिल्लो पुस्ताका केही महिला तथा किशोरीहरूको सोचमा परिवर्तन आए पनि व्यवहारमा परिवर्तन हुन सकको देखिँदैन । उनीहरूले घरको छुट्टै कोठामा बस्ने गरे पनि छाउपडी प्रथाका कारण स्थापित भएका मान्यता उनीहरूले पनि पालना गरेको देखिन्छ ।

महिनावारी हुँदा वर्षौंदेखि छाउपडी गोठमा बसेका महिलाको अनुभवमा गोठमा नबस्दा घरमा बाघ लाग्ने, सर्प आउने, गाई-भैंसीले दूध दिन छोड्ने र देवी-देउता रिसाउने तथा घर-परिवारमा अनिष्ट हुने बताउँछन् । छाउपडी गोठमा बस्दा केही अप्ठेरो नभएको उनीहरूको अनुभव छ । तर पछिल्लो पुस्ताका किशोरीहरूको अनुभवमा भने छाउपडी गोठमा बस्दा धेरै दुःख हुने, सरसफाइ गर्न नपाइने, बस्न, खान अप्ठेरो हुने, हिंसाको सिकार भइने र स्वास्थ्यमा मानसिक तथा शारीरिक समस्या हुने गरेको अनुभव छ । घरमै बस्दा फरक नपर्ने र केही अनिष्ट समेत नहुने उनीहरूको परिर्वतित सोच छ ।

समाजमा छाउपडी प्रथालाई लिएर दुईथरी धारणा छ । पछिल्लो पुस्ताका युवाहरूको सोचमा छाउपडी प्रथालाई बार्नु हुँदैन, सुरक्षित रूपमा घरको एक अलग कोठामा भए पनि बस्न दिनुपर्छ भन्ने धारणा छ । अर्कोतर्फ छाउपडी प्रथा पहिलेदेखि चलिआएको चलन भएकाले यसलाई कायमै राख्नुपर्छ भन्ने धारणा छ । महिनावारी हुनु भनेको अछुत हुनुजस्तै हो, यस्तो बेला घरमा लसपस भए धेरै खालका समस्या हुने, अनिष्ट हुने उनीहरूको धारणा छ ।

छाउपडी प्रथा कायम रहनुमा सामाजिक-सांस्कृतिक मूल्य-मान्यता र धार्मिक विश्वासले महत्वपूर्ण भूमिका खेलेको छ । यो पुरानो पुस्ताबाट क्रमिक रूपमा नयाँ पुस्तामा हस्तान्त्रण भएको पाइन्छ । नयाँ पुस्तामा छाउपडी प्रथाप्रति फरक धारणा भए पनि उनीहरू घरपरिवार र समाजको डरको सिकार हुन बाध्य छन् । सामाजिक-सांस्कृतिक, धार्मिक मूल्य-मान्यता, परम्परागत सोच र धामी-झाँक्रीको धम्कीका कारण किशोरीहरू छाउपडी प्रथाविरुद्ध बोल्न असमर्थ छन् ।

## ५.२ निष्कर्ष

अध्ययन क्षेत्रमा वर्तमान समयमा पनि छाउपडी प्रथा महिला तथा किशोरीमाथि भएको विभेदपूर्ण व्यवहारका रुपमा रहेको छ । जुन धार्मिक मूल्य-मान्यता, रुढीवादी सामाजिक र सांस्कृतिक परम्परा, रुढीवादी  सोच र अन्धविश्वासको कारण हो । छाउपडी प्रथासम्बन्धी परम्परागत चाल चलन, रीतिरिवाज, संस्कार, मनोभावना लगायत अभ्यास सबै धार्मिक जनविश्वास र आस्थामा अडेको पाइएको छ । महिलालाई महिनावारी भएको बेलामा अपवित्र मान्ने, यो प्रचलन घर परिवार स्तरबाटै पूर्ण रूपमा विभेदकारी भएको पाइएको छ । छाउपडी प्रथाको जरा हिन्दू धर्मको अपवित्रताको मान्यता हो । यसबाट सम्पूर्ण हिन्दू महिलाहरू कुनै न कुनै रूपमा अपहेलित छन् । यसका कारण महिलाले सामाजिक, आर्थिक, शैक्षिक, धार्मिक अवस्थाको साथै प्रजनन स्वास्थ्यमा नकारात्मक प्रभाव, यौनजन्य तथा सरुवा रोगको सिकार, बलात्कार तथा यौन हिंसाको सिकार, जङ्गली जनावरको टोकाइ तथा आक्रमण, भेदभाव वा सामाजिक तिरस्कारहरूको सामना गर्नुपरेको छ ।

वर्तमान समयमा पनि महिनावारीको समयमा महिला तथा किशोरीहरूले गर्ने क्रियाकलाप र घरपरिवार तथा समाजले गर्ने व्यवहार, हेर्ने दृष्टिकोण तथा सम्बन्धमा खासै परिवर्तन भएको देखिँदैन । छाउपडी प्रथासम्बन्धी पुरानो पुस्ता र नयाँ पुस्ताका बिचमा फरक-फरक धारणा रहेको पाइन्छ । छाउपडी प्रथालाई धर्म र संस्कृतिसँग जोड्ने गरिएका कारण अहिलेसम्म पनि परिवर्तन हुन सकेको छैन ।

फलस्वरूप छाउपडी प्रथा अन्त्यका लागि नीति, नियम तथा कानुन बनाएर जबरजस्ती छाउपडी गोठ भत्काइए पनि महिनावारी हुँदा गरिने व्यवहार, क्रियाकलाप तथा सम्बन्धमा पुरानै परम्परा कायम रहेको छ ।

जबसम्म छाउपडी प्रथाप्रति समाजको सोचाइ र धारणा परम्परागत नै रहन्छ, तबसम्म छाउपडी प्रथाले जरा गाडी नै रहनेछ । तसर्थ समाज तथा घरपरिवारका हरेक सदस्यहरूले छाउपडीप्रतिको दृष्टकोण परिवर्तन गरी नयाँ चेतनाका साथ व्यवहारमा लागु गर्न जरुरी रहेको छ ।

# सन्दर्भ-सूची

## सर्न्दभ सामग्रीको सूची


ईन्सेक, (फागुन २६, २०७६) *छाउपडी गोठमुक्त स्थानीय तह घोषणा* : https://inseconline.org/np/news/छाउगोठ-मुक्त-स्थानीय-तह-

एनएचआरसी (जेठ २०७५) *छाउपडी प्रथाले महिलाको जीवनमा पारेको प्रभाव अध्ययन प्रतिवदन :* हरिहर भवन, काठमाण्डौं, राष्टिय मानव अधिकार आयोग ।

कुँवर, विक्रम, *छाउपडी प्रथा समस्या र समाधान :*

https://jwalasandesh.com/news/detail/17147/

केन्द्रीय तथ्याङ्क बिभाग (२०७८) *राष्ट्रिय जनगणना,* https://censusnepal.cbs.gov.np/

जिल्ला प्रशासन कार्यालय अछाम, (२०८०) *अछामको भौगोलिक स्थिति* : https://daoachham.moha.gov.np/

जिल्ला समन्वय समिति, अछाम, (२०८०) *अछामको परिचय :* https://dccachham.gov.np/

ढुंगाना मेनुका, (२०८१) *छाउगोठमा किशोरी बलात्कृत, घटना लुकाउन अगुवा नै सक्रिय* : https://ekantipur.com/news/2024/06/19/a-girl-is-raped-in-chaugoth-the-leader-is-active-in-hiding-the-incident-06-26.html?author=1&fbclid=IwZXh0bgNhZW0CMTEAAR1SSU_QMR7IqnnGKeFOeu_xvc68kOWolZb7C17NGYy85bvIlxoJBTWlI5c_aem_K5siwXYYkcT_a3h2pJhi5w

मङ्गलसैन नगरपालिका, (२०८०) *नगरपालिकाको परिचय,* https://www.mangalsenmun.gov.np/

महर्जन, श्यामकृष्ण (२०६८), *मानव यौनिकता र प्रजनन स्वास्थ्य,* काठमाण्डौं : सनलाइट पब्लिकेसन (स्टुडेन्ट्स बुक्स)

सिंह, राजेन्द्र बहादुर, (७ माघ २०७६) *छाउपडी प्रथा : समाज, धर्म र कानुन* : https://www.ratopati.com/Qmory/114766

Acharya, Balaram. (2074) Perspective on Gender, Feminism and sexuality, *Sociology of Gender,* Pp111-158. Bhotahiti, Kathmandu: National Book Centre

Agrawal, Bina. (1997). Bargaining and Gender Relations: Within and Beyond the Household. *Feminist Economics*, Vol. 3(1): Pp1-51.

Amatya, Prabisha, Saruna Ghimire, Karen E. Callahan, Binaya Kumar Baral, Krishana C. Poudle. (2018).*Practice and Lived experience of menstrual exile (chhaupadi) among adolescent girls in far- western Nepal.* Robert Dreibelbis(Ed), London school of Hygiene and Tropical medicine: United Kingdom. Dec 10.

Aquino, Leo. (2020). *5 menstrual rituals around the world & what they can teach us*: https://blog.flexfits.com/menstrual-rituals-around-the-world/

Criminal (Code) Act. (2017) https://lawcommission.gov.np/np/wp-content/uploads/2021/01/%E0%A4%AE%E0%A5%81%E0%A4%B2%E0%A5%81%E0%A4%95%E0%A5%80-%E0%A4%AB%E0%A5%8C%E0%A4%9C%E0%A4%A6%E0%A4%BE%E0%A4%B0%E0%A5%80-%E0%A4%95%E0%A4%BE%E0%A4%B0%E0%A5%8D%E0%A4%AF%E0%A4%B5%E0%A4%BF%E0%A4%A7%E0%A4%BF-%E0%A4%B8%E0%A4%82%E0%A4%B9%E0%A4%BF%E0%A4%A4%E0%A4%BE-%E0%A5%A8%E0%A5%A6%E0%A5%AD%E0%A5%AA.pdf

Bhandari, Mala (2006): *Attitude and practices of community people of Kailali towards Chhaupadi.* An unpublished Masters's thesis Submitted to Department of Health and Population Education, University Campus Kirtipur, Kathmandu, T.U. Nepal

De Beauvoir, S. (1949). The data on biology.*The second sex*, Penguin Modern Classics, Pp.33-64.

Government of Nepal (2008) Interim Constitution of Nepal. 2007, Kathmandu.

Government of Nepal (2015) Constitution of Nepal. 2072, Kathmandu

Garg, Suneela and Tanu Anand. (2015). Menstruation related myths in India: *strategies for combating it*. Pp 184-186.

Kadariya, santi and Aria R Aro. (2015). '*Chhaupadi' Practice in Nepal*- analysis of ethical aspects. Edited by Dr. Bethany Spielman. Vol .5: PP 55-58.

Kindara, (2020). Period stigma around the world and what to do about it. https://www.kindara.com.

Koirala B N, Bajrachary I.K, Khadka A., Singh N.K, Biswokarma C, Chhetri B. (2010). Late Comers in School: The Status of Dalit Girls in Education. A Draft Report Submitted to Feminist Dalit Organization, Nepal.

Luintel, Youba Raj. (2006). Gendered analysis of women's subordination, a draft manuscript, Kathmandu: Tribhuvan University.

Mainali, Shujit. (2019). *Nachhuneko Nalibeli*: Kantipur. December 14. Pp 7.

Millett, Kate. (1969). Theory of sexual politics.*Sexual politics*, Chapter2, Granada publishing.

Mohanty, C.T. (2002). Under Western eyes revisited: feminist solidarity through anti-capitalist struggles.sings*: journal of women in culture and society*, vol.28 (2); Pp.499-535.

Mukherjee, Amrita and Migma Lama. (2020). Perception and practices of menstruation among urban adolescent girls and women in Nepal: A cross-Sectional survey.

Seymour, Kathryn. (2008). Bangladesh: Tackling menstrual hygiene taboos. *Facts for life*.

Singh, Rajendra Bahadur, (2020). 'Chhaupadi partha': A theoretical Analysis in Reference to violation of women's Rights. *National Human Rights Commission*, Nepal, Vol17, Pp125-139.Hariharbhawan, pulchowk, Lalitpur, Nepal.

Upadhyay, Parbati Kumari (2010) Attitude and practices of women towards Chhaupadi and sanitary practice during menstruation period in Kailali district. An unpublished Masters's thesis Submitted to Department of Health and Population Education, University Campus Kirtipur, Kathmandu, TU Nepal

Woerkens, Martine Van. (1990). Dialogues on first menstrual periods: Mother-Daughter communication. *Economic and Political weekly*, Vol.25, No17 Ppws7-ws14.April.28.

Women's human rights, (2021). International justice resource Center. https://ijrcenter.org/thematic-research-guides/womens-human-rights/

Yeuk Chu, Cordia. (1980).The menstrual Beliefs and practices of Chinese women. Vol17, Pp38-45.

# अन्तर्वार्ताका लागि सूची

नमस्ते,

**शीर्षक : छाउपडी प्रथाको वर्तमान अवस्था : मङ्गलसैन नगरपालिका वडा नं. ३ लाच्छिमनामा गरिएको अध्ययन**

छाउपडी प्रथाको वर्तमान अवस्थासम्बन्धी विषयमा जानकारी लिन यहाँ आएको छु । म यहाँ आउनुको उद्देश्य समाजशास्त्र विषयमा स्नातोकत्तर तहको उपाधि हासिल गर्नका लागि शोधकार्य र त्यसका लागि तथ्याङ्क सङ्कलन गर्नु हो । कुनै पनि सामाजिक विषयमा अध्ययन गर्न व्यापक अनुसन्धान प्रतिवेदन चाहिन्छ । तसर्थ, 'छाउपडी' प्रथाको वर्तमान अवस्थाका बारेमा जानकारी लिने क्रममा तपाईंले सामना गर्नुभएका जानकारी र अनुभवहरू विस्तृत रूपमा साझा गर्न अनुमति चाहन्छु ।

व्यक्तिगत विवरण उत्तरदाताको नामः-

उमेरः-

साक्षरता स्थितिः-

ठेगानाः-

घरपरिवार नं.

वडा नं.

टोलः-

जातीयताः-

घरको स्वामित्वः - हो/होइन

भाडामा घरः - हो/होइन

पारिवारिक प्रकारः - संयुक्त / एकल

सम्पर्कः

**प्रश्नावलीहरू**

# अनुसूची १

**एकल अन्तर्वार्ताका लागि प्रश्न**

नाम :........................................., उमेरः ............

१) महिनावारी (छाउपडी प्रथा) भनेको के हो ?

२) महिनावारी (छाउपडी प्रथा) मान्नु हुन्छ कि हुँदैन ? मान्नुहुन्छ भने कहिलेदेखि किन मान्दै आउनु भएको हो ?

३) महिनावारी हुँदा कहाँ बस्नुहुन्छ ?

४) महिनावारी (छाउपडी) सम्बन्धी तपाईंको अनुभूति कस्तो छ ?

५) महिनावारी हुँदा के-के कुरामा ध्यान दिनुहुन्छ ?

६) छाउपडी गोठमा बस्दा के-के खाना खानुहुन्छ ?

७) महिनावारी भएको समयमा दूध-दही तथा यसबाट बनेका परिकार खानुहुन्छ ?

८) महिनावारी भएका समयमा घरमा धार्मिक क्रियाकलाप भएमा के गर्नुहुन्छ ?

९) घरदेखि टाढा छाउपडी गोठमा बस्दा के हुन्छ र नबस्दा के हुन्छ ?

१०) महिनावारी हुँदा विद्यालय जानुहुन्छ ?

११) महिनावारी हुँदा विद्यालय नजानुको कारण के हो ?

१२) महिनावारी हुँदा के काम गर्नुहुन्छ, के गर्नुहुन्न र किन ?

१३) महिनावारी हुँदा छाउपडीले प्रयोग गर्ने अलग धारा पधेराहरू छन कि छैन ?

१४) महिनावारी हुँदा कुनै बिमारी भएमा के गर्नुहुन्छ ?

१५) छाउपडी प्रथामा कुनै परिवर्तन आएको छ जस्तो लाग्छ ? छ भने कस्तो र के कुरामा परिवर्तन देख्नुभएको छ ? परिवर्तनको कारण के होला ?

१६) छाउपडी भएको बेला घरपरिवार तथा अन्य मानिसले कस्तो व्यवहार गर्दछन् ?

# अनुसूची २

**समाजको धारणा**

नाम :.........................................., उमेर .........,

परिवारमा महिला तथा किशोरीहरूहरूको सङ्ख्या :

१) छाउपडी प्रथा तपाईंलाई कस्तो लाग्छ ?

२) छाउपडी प्रथा बार्नु उपयुक्त हो वा होइन र किन ?

३) तपाईको छोरी बुहारी महिनावारी भएको समयमा कहाँ बस्ने सुत्ने गर्छन् ?

४) छाउपडी प्रथा मान्नुका कारणहरू के के होला ?

५) छाउपडी सम्बन्धी परम्परागत धारणा र व्यवहारहरू कस्ता रहेका छन् ?

६) छाउपडी प्रथाले महिला तथा किशोरीमाथि कस्ता असरहरू पारेको छ ?

७) पछिल्लो समयमा यस प्रथाले परम्परा र संस्कारका नाममा कस्तो खालको विभेद गरेको छ ?

८) छाउपडी प्रथा एक कुप्रथा हो, छाउपडी मान्नु भनेको महिलामाथि हुने हिंसा हो भन्ने बारे तपाईलाई कतिको थाहा छ ?

९) महिनावारी कति दिनसम्म बार्ने चलन छ ?

१०) महिनावारी हुँदा के-के खाने कुरा दिनुहुन्छ ?

## ्अनुसूची ३

**महिनावारीसम्बन्धी अनुभूति र धारणा**

नाम :.........................................., उमेर

१) छाउपडी बारेमा तपाईको धारणा के छ ?

२) तपाईं छाउ हुँदा गोठमा बस्नुहुन्छ कि घरमा ? गोठमा बस्ने भए कति दिन बस्नुहुन्छ ?

३) गोठमा बस्दा कस्तो प्रकारको समस्याको सामना गर्नुभएको छ ?

४) छाउ अवधिमा कस्ता खानेकुराहरू खाने वा नखाने र किन ?

५) तपाई महिनावारी हुँदा अन्य समयभन्दा फरक कस्तो प्रकारको काम गर्नुपर्छ ?

६) के तपाईं महिनावारीको अवधिमा देवी/देवताको पूजा गर्ने जस्ता अनुष्ठानहरू गर्नुहुन्छ (विवाह समारोह, मृत्यु संस्कार, जन्म दीक्षा, चाडपर्व) आदि ?

७) यो प्रथा कहिलेदेखि र कसरी भयो भन्ने बारे केही जानकारी छ ?

अनुसूची ४ : अध्ययन क्षेत्रमा भएका छाउपडी गोठका तस्वीरहरू

















## अनुसूची ५ : अछाम जिल्लाको नक्सा

